# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७
# सुन्दरहरैचा नगरपालिका
# मोरङ




## महालेखापरीक्षकको कार्यालय
## काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय
प्रदेश नं. १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal,
Kathmandu, Nepal

पत्र संख्या :२०७६/७७
च.नं.६२०

मितिः २०७७/३/२६

श्री अध्यक्षज्यू,
सुन्दरहरैचा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
मोरङ ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(बिन्दु विष्ट )
नायव महालेखापरीक्षक

## महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते

महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय
प्रदेश नं. २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal,
Kathmandu, Nepal

पत्र संख्याः २०७६।७७
च. नं. ५०८

मितिः २०७७।३।२४

श्री प्रमुखज्यू,
सुन्दरहरैचा नगरपालिका,
मोरङ ।

**विषय : लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले सुन्दरहरैचा नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु. ५ करोड ४८ लाख ९३ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. २७ लाख ६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ३ करोड ३० लाख ३७ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ५९ लाख ६४ हजार र पेश्की बाँकी रु. ३१ लाख ८६ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्वन्धमा मिति २०७६।११।१९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम भएको व्यहोराको अन्तिम प्रतिवेदन पाना छत्तिस ( ३६ ) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले नगरपालिकाको पेश्की वाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वनगरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्वन्धित अन्य प्रचलित कानून वमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनवमोजिम सही र यथार्थ हुने गरी वित्तीयविवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीयप्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामापनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( विन्दु विष्ट )
नायव महालेखापरीक्षक

# सुन्दरहरैचा नगपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७५।७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न सुन्दर हरैचा नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । प्रदेश नं १ अन्तर्गत मोरङ्ग जिल्लामा अवस्थित यो नगरपालिकाको ११०.१६ व.कि.मि.क्षेत्रफल र कुल जनसंख्या ८०५२७ रहेको छ । यो नगरपालिका अन्तर्गत १२ वटा वडाहरु रहेका छन् ।

**स्थानीय संचित कोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाब सहितको आर्थिक वर्ष २०७५ ⁄ ७६ को संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| **सि.न.** | **विवरण** | **रकम** | **सि.न.** | **विवरण** | **रकम** |
| १ | **अल्या** | | १ | **सँचितकोषतर्फ** | |
| | सँचितकोषखाता | ४३५८२७२८।९० | | | |
| | चालुखर्चखाता | ०।०० | | | |
| | पुँजिगतखर्चखाता | ०।०० | | **संघियशसर्तअनुदानखर्च** | |
| | नगद | | | चालुतर्फ | २२५८२१६८७।४५ |
| | **जम्माअल्या** | **४३५८२७२८।९०** | | पुँजिगततर्फ | १०५९०९१८।०० |
| २ | **सँघीयअनुदान ( सँचितकोष )** | | | **जम्माखर्च** | **२३६४१२६०५।४५** |
| | बित्तीयसमानीकरण | १९४१००००००।०० | | **वित्तीयसमानीकरणसँघीय** | |
| | शसर्तअनुदान | २३६४१२६०५।४५ | | चालुतर्फ | ०।०० |
| | **जम्माअनुदान** | **४३०५१२६०५।४५** | | पुँजिगततर्फ | १५१२२२४७८।७५ |
| ३ | **अन्तरसरकारीअख्तीयारी** | | | **जम्मासंघियवित्तीयअनुदानखर्च** | **१५१२२२४७८।७५** |
| | जेष्ठनागरीकदीर्घसेवासम्मानरसामाजिकसुरक्षा | १२८१६७५२६।८४ | | **प्रदेशसरकारअनुदान** | |
| | प्रदेशतथास्थानीयतहक्षमताविकासकार्यक्रम | ३०५०००।०० | | बित्तीयसमानीकरणतर्फ | ४६७३०००।०० |
| | प्रधानमन्त्रीरोजगारकार्यक्रम | १७७५१६८।०० | | प्रदेशनिर्वाचनक्षेत्रपुर्वाधारकार्यक्रम | १५९१३२७९।०० |
| | झोलुङगेपुलक्षेत्रगतकार्यक्रम | १८५९०००।०० | | प्रदेशशर्सतअनुदान | ९५७८९०९।०० |
| | स्थानीयपुर्वाधारविकाससाझेदारीकार्यक्रम | २०५८०८०९।०० | | **जम्माप्रदेशसरकारअनुदानखर्च** | **३०१६५१८८।००** |
| | तराइमधेशसमृद्दीकार्यक्रम | २२१००६१९।०० | | **बिषेशअनुदान** | **२१२७६८४८।००** |
| | स्थानीयस्तरकासडकपुलतथासामुदायिकसुधारपरियोजना | १६९७९००।०० | | सडकबोर्ड | ५३६०५२०।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | राष्ट्रपतिचुरेसँरक्षणकार्यक्रम | ६०००००।०० | | **राजश्वबाँडफाँडप्रदेश** | १०९७२६६७।७२ |
| | **जम्माअन्तरसरकारीअनुदान** | **१७७०८६०२२।८४** | | **राजश्वबाँडफाँडसँघ** | ९२०७८४१४।७१ |
| | **प्रदेशसरकारअनुदान ( सँचितकोष )** | | | **लागतसहभागिता** | **३०३१९४७१।००** |
| | | | | **आन्तरीकश्रोत** | **१०२९२०७६९।९२** |
| | बित्तीयसमानीकरण | ४६७३०००।०० | | **जम्मासँचितकोषतर्फको** | **६८०७२८९६३।५५** |
| ४ | प्रदेशशर्सतअनुदान | ९५७८९०९।०० | | **अन्तरसरकारीअख्तियारीतर्फ** | |
| | प्रदेशनिर्वाचनक्षेत्रपुर्वाधारकार्यक्रम | १५९१३२७९।०० | | जेष्ठनागरीकदीर्घसेवासम्मानरसामाजिक सुरक्षा | १२८१६७५२६।८४ |
| | **जम्माप्रदेशअनुदान** | **३०१६५१८८।००** | | प्रदेशतथास्थानीयतहक्षमताविकासकार्यक्रम | ३०५०००।०० |
| ५ | सडकबोर्ड | ५३५१४५३।०० | | स्थानीयस्तरकासडकपुलतथासामुदायिकसुधारपरियोजना | १६९७९००।०० |
| | लागतसहभागिता | ३०३१९४७१।०० | | तराइमधेशसमृद्दीकार्यक्रम | २२१००६१९।०० |
| | बिषेशअनुदान | २१२७६८४८।०० | | झोलुङगेपुलक्षेत्रगतकार्यक्रम | १८५९०००।०० |
| ६ | आन्तरीकआय | २२०१४४३५७।५४ | २ | प्रधानमन्त्रीरोजगारकार्यक्रम | १७७५१६८।०० |
| ७ | प्रदेशराजश्वबाँडफाँड | १०९७२६६७।७२ | | स्थानीयपुर्वाधारविकाससाझेदारीकार्यक्रम | २०५८०८०९।०० |
| ८ | सँघीयराजश्वबाँडफाँड | ९२०७८४१४।७१ | | राष्ट्रपतिचुरेसँरक्षणकार्यक्रम | ६०००००।०० |
| ९ | सँचितकोषतर्फकोआम्दानी | **८८४४०३७३४।३२** | | **जम्माअन्तरसरकारीतर्फकोखर्च** | **१७७०८६०२२।८४** |
| | धरौटिखाता | | | धरौटिखातातर्फको | |
| १० | अ.ल्या. | ९१४५८४८।११ | | फिर्ता | १५७५१६५०।२७ |
| | चालुआ.व. आम्दानी | १७६८६५९७।०० | ३ | **सदरस्याहा** | ४४४५०००।०० |
| | **जम्माआम्दानी** | **२६८३२४४५।११** | | **जम्माधरौटीखर्च** | २०१९६६५०।२७ |
| | विपद्व्यवस्थापनकोष | | | विपद्व्यवस्थापनकोषतर्फकोखर्च | **६२५३८२३।००** |
| ११ | अ.ल्या. | ३३३७१४३।७० | | वातावरणव्यवस्थापनकोषतर्फकोखर्च | **२२२०९३७।००** |
| | चालुआ.व. आम्दानी | १००००००० ।०० | ४ | मर्मतसम्भारकोषतर्फकोखर्च | **१७५०२८२२।००** |
| | **जम्माआम्दानी** | **१३३३७१४३।७०** | | कर्मचारीकल्याणकोषतर्फकोखर्च | ४९३८६९९।०० |
| | **वातावरणव्यवस्थापनकोष** | | | शिक्षाविकासकोषतर्फकोखर्च | ३१७०९७।०० |
| १२ | अ.ल्या. | ९८७०४७४।२१ | ५ | विभाज्यकोषतर्फकोतर्फ | १३३८०५३१।०० |
| | चालुआ.व. आम्दानी | ३००००००।०० | | **अन्तिमबैंकमौज्दात** | |
| | **जम्माआम्दानी** | **१२८७०४७४।२१** | ६ | सँचितकोषखाताबैंक | **२०३६७४७७०।७७** |
| १३ | मर्मतसम्भारकोष | | | सँचितकोषखातानगद | ०।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | अ.ल्या. | ८३३७०२।७० | | धरौटीखाता | **६६३५७९४।८४** |
| | चालुआ.व. आम्दानी | १९५०००००।०० | ७ | कर्मचारीकल्याणकोष | **२७०८९०६।००** |
| | **जम्माआम्दानी** | **२०३३३७०२।७०** | | मर्मतसम्भारकोषखाता | २८३०८८०।७० |
| १४ | कर्मचारीकल्याणकोष | | | विपद्व्यवस्थापनकोषखाता | ७०८३३२०।७० |
| | अ.ल्या. | ५६४७६०५।०० | ८ | वाताबरणव्यवस्थापनकोषखाता | १०६४९५३७।२१ |
| | चालुआ.व. आम्दानी | २००००००।०० | | शिक्षाविकासकोषखाता | ६८२९०३।०० |
| | **जम्माआम्दानी** | **७६४७६०५।००** | | विभाज्यकोषखाता | ०।०० |
| | शिक्षाविकासकोष | | | जम्माअन्तिमबैंकमौज्दात | **२३४२६६११३।२२** |
| | अ.ल्या. | ०।०० | | | |
| | चालुआ.व. आम्दानी | १००००००।०० | | | |
| | **जम्माआम्दानी** | **१००००००।००** | | | |
| | विभाज्यकोष | | | | |
| | अ.ल्या. | ०।०० | | | |
| | चालुआ.व. आम्दानी | १३३८०५३१।०० | | | |
| | **जम्माआम्दानी** | **१३३८०५३१।००** | | | |
| | **कुलजम्मा** | **११५६८९१६५८।८८** | | **कुलजम्मा** | **११५६८९१६५८।८८** |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>कार्यालय प्रमुख परिवर्तन :नगरपालिकामा एक आर्थिक बर्षमा ४ प्रमुख प्रशासकीय अधिकारी ४ लेखा अधिकृतको सरुवा भएको देखियो । नगरपालिकाको प्रमुख पदमा रहने जिम्मेवार पदाधिकारीको पटक पटक सरुवा हुँदा नगरपालिकाको काममा असर गरेको छ । कर्मचारीको सरुवा गर्दा निजामति सेवा नियमावली २०४९मा रहेको प्रावधानलाई विचार पुर्‍याएको देखिएन ।</td><td></td></tr>
<tr><td>२.</td><td>बैक रिकन्सिलेसन:संचित कोष तर्फ अन्तिम बैक मौज्दात रु.२०,३६,७४,७७।७७ देखिएको छ तर संचितकोषको चालु खर्च खाता तथा पूजिगत खर्च खाता अनुसार जम्मा बैक मौज्दात बैक स्टेटमेण्ट अनुसार रु.२९,८३,५२,१७८।६६ देखिएको र कार्यालयले फरक रकम रु.९,४६,७७,४०७।८९ मध्ये ७,६९,५४,८१८ को मात्र रिकन्सिलेसन पेश गरेकोले बाँकी फरक रकम रु.१,७७,२२,५८९।८९ हिसाव मिलान गर्नु पर्ने रु.</td><td>१७७२२५८९।८९</td></tr>
<tr><td>३.</td><td>फरक जिम्मेवारी सारेको:गत बर्षको जिम्मेवारी अनुसार निम्न शिर्षकमा निम्नानुसार रहेकोमा तपसिल अनुसार फरक परेको छ । फरक रकम सम्वन्धमा बैक रिकन्सिलेसन गरि हिसाव मिलान हुनु पर्ने ।
<table>
<tr><th>विवरण</th><th>गत बर्षको जिम्मेवारी</th><th>यस बर्ष सारेको रकम</th><th>फरक रकम</th></tr>
<tr><td>विपद व्यबस्थापन कोष</td><td>१९५५१२६.२२</td><td>३३३७१४३.७०</td><td>(१३८२०१७.४८)</td></tr>
<tr><td>नगरपालिका चालु खाता</td><td>६८३९०२.७३</td><td>०</td><td>६८३९०२.७३</td></tr>
<tr><td>नगरपालिका पूँजिगत खाता</td><td>१४८४४९८५.४६</td><td>०</td><td>१४८४४९८५.४६</td></tr>
<tr><td>जम्मा</td><td>१७४८४०१४.४१</td><td>३३३७१४३.७</td><td>१४१४६८७०.७१</td></tr>
</table></td><td></td></tr>
<tr><td>४.</td><td>वजेट पारित : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । तदअनुरुप यस नगरसभाले २०७५।०३।१०मा आर्थिक बर्ष २०७५।७६ को आय व्यय बिबरण पेशगरि पारित गरेको छ । ऐनको दफा १९ अनुसार नगरसभाको बैठक सामान्यतया बर्षमा २ पटक वस्नु पर्ने व्यबस्था रहेकोमा १ पटक मात्र वसेको देखियो ।</td><td></td></tr>
<tr><td>५.</td><td>बार्षिक लक्ष्य, प्रगतिको अवस्था: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा चौमासिक प्रगति बिवरण तयार गरी पेश गर्नुपर्ने र नियम २६ मा उक्त बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रगति समिक्षा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाबाट प्राप्त बिबरण अनुसार ४४९ वटा योजनामा रु. ४३,९७,२३,७२९।८१ को लाागत अनुमान गरि रु. ५१,४६,१८,४२२।२४ को योजना मूल्याङकन भएको र नगरपालिकाबाट रु. २७,२५,९०,६६८।७१ खर्च भई ९०.७६ प्रतिशत प्रगति भएको बिवरण प्राप्त भएको छ ।</td><td></td></tr>
<tr><td>६.</td><td>आन्तरिक नियन्त्रण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br>● नगरपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन ।<br>● नगरपालिकाको वडा कार्यालय र विषयगत शाखामा छुट्टा छुट्टै जिन्सी खाता राखेको र जिन्सी सामानको एकीकृत विवरण समेत नबनेको अवस्थामा जिन्सी सामानको हिनामिना हुन सक्ने स्थिति देखिएको ।</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | ● सार्वजनिक खरिद नियमावली बमोजिम कार्यालयले खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयार नगरी खरिद कारबाही संचालन गरेको ।<br>● महालेखा नियन्त्रक कार्यालयबाट २०७४ कार्तिकमा जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या-२०७४ अनुसार एकीकृत आर्थिक संकेत प्रयोग गरेको छैन ।<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गरेको छैन ।<br>● मन्त्रालयको मिति २०७३/१२/२५ को परिपत्रको दफा १७ बमोजिम नगरपालिकामा समाहित भएका साविकका नगरपालिका ,गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख अद्यावधिक गरेको छैन ।<br>● नगरपालिकाले सवारी साधनको अध्यावधिक लग बुक तयार गरी इन्धन खर्चको व्यवस्थित अभिलेख राख्नुपर्नेमा सो गरेको पाइएन ।<br>● नियमित जिन्सी निरीक्षण गरी सबुत सामान, मर्मत हुन सक्ने, मर्मत हुन नसक्ने सामानको विवरण तयार गरी जिन्सी सामानको सुनिश्चितता गरेको पाइएन ।<br>● भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयले भ्रमणबाट फर्केका पदाधिकारीबाट भ्रमण प्रतिवेदन लिने र भ्रमण अभिलेख राखि भ्रमण खटाउने पदाधिकारीहरुको खर्चको विश्वसनिय आधार प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।<br>● चल्ती सवारी साधन र मेशिनरी औजार मर्मत गर्दा अनिवार्य रुपमा म.ले.प. फारम नं. २ तयार गर्नुपर्नेमा सो गरेको पाइएन ।<br>त्यसैले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । | |
| ७. | **एकीकृत आर्थिक संकेत** : सरकारको आम्दानी, खर्च र सम्पत्ती तथा दायित्वलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बनाउने उद्देश्यले महालेखा नियन्त्रकको कार्यालयबाट आर्थिक वर्ष २०७४।७५ देखि स्थानीय तहमा लागु हुने गरि एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ तयार गरि कार्यान्वयन गरिएकोमा नगरपालिकाले सो बमोजिम लेखा राखेको पाईएन । अतः नगरपालिकाले एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ बमोजिम राजश्व तथा खर्च संकेत अनुसार लेखा राख्नुपर्दछ । | |
| ८. | **मध्यकालीन खर्च संरचना** : अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित देहायको विवरण सहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उक्त बमोजिम खर्चको मध्यकालीन खर्चको संरचना तयार नगरेकोले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा मध्यकालीन खर्च संरचना समेत तयार गर्नुपर्दछ ।<br>(क) प्रस्तावित योजनाको उद्देश्य,<br>(ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुटयाउन आवश्यकताको पुष्ट्याई,<br>(ग) प्रस्तावित योजना कार्यन्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धि,<br>(घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,<br>(ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,<br>(च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादाम्यता,<br>(छ) सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुटयाइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण । | |
| ९. | **चौमासिक विवरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा स्थानीय तहले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ | |

| | | |
|---|---|---|
| | मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालये चौमासिक विवरण तोकिएको निकायमा पठाएको देखिएन । अतः कानुनको परिपालना हुनुपर्दछ । | |
| १०. | **आन्तरिक लेखापरीक्षण**: स्थानीय सरकार संचालन ऐन, २०७४को दफा ७७(२) अनुसार स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने छ । आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्वन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुन अगावै सम्परीक्षण गर्नु पर्ने व्यबस्था रहेकोछ ।कार्यालयले अन्तरिक लेखापरीक्षले उल्लेख गरेको कैफियतहरु फछ्र्यौट गरेको देखिएन । | |
| ११. | **आन्तरिक नियन्त्रण प्रणाली**:स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ अनुसार स्थानीय तहले आफनो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई बिश्वसनीय वनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफनो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयन गर्नु पर्नेछ । आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको वातावरण, सुचनाको आदान प्रदान अनुगमन तथा मूल्याङकन जस्ता विषयलाई समेत समेटनु पर्नेछ । आन्तरिक नियन्त्रण प्रणलीको अनुगमन गर्नको लागि नगरपालिकाका प्रमुख वा जिल्ला समन्वय समितिको प्रमुख आफैले वा जिम्मेवार अधिकारी तोकि अनुगमन गर्ने व्यबस्था मिलाउनु पर्ने व्यबस्था रहेको छ । | |
| १२. | **योजना छनौट** :स्थानीय सरकार संचान ऐन, २०७४को दफा २४ तथा स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जित) को बुंदा नं. ३ मा नगरपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न बिषयलाई प्राथमिकता दिनु पर्ने उल्लेख छ ।<br>(क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,<br>(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,<br>(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,<br>(घ) स्थानीय सहभागिता जुट्ने, स्वमंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,<br>(ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुन<br>(च) महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,<br>(छ) लैंगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धी हुने,<br>(ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुर्याउने, आदी ।<br>नगरपालिकाले योजना तर्जुमा तथा वजेट निर्माण गर्दा उपरोक्त आधारमा गर्नु पर्दछ । | |
| १३. | **कार्यक्रम खर्च :** नगरपालिकाले यस आर्थिक वर्ष स्वास्थ्य, कृषि, पशु, महिला, बालबालीका, अपाङ्ग कार्यक्रम तथा जेष्ठ नागरिकक्षेत्रमा वजेट विनियोजन गरी विभिन्न कार्यक्रम सञ्चालन गरेको पाइयो । गाँउ स्तरमा भएको विभिन्न कार्यक्रमहरु पुनः वडा तर्फ दोहरिने तथा गाँउपालिकाले सञ्चालन गर्ने कार्यक्रमहरु अत्याधिक मात्रामा वितरणमुखी कार्यक्रमहरु जस्तै तरकारी बिउ वितरण, मल वितरण, स्प्रेयर वितरण, घाँस वितरण, सम्मान कार्यक्रम, न्यानो कपडा वितरण आदि शर्सत तथा निर्शत रुपमा पटक पटक र वर्षेनि गरेको देखिएतापनी स्वास्थ्य, कृषि, पशु, महिला, बालबालीका तथा जेष्ठ नागरिकक्षेत्रमा उल्लेखनिय प्रतिफल ल्याएको अवस्था देखिन आएको छैन । साथै अभिमुखिकरण, अनुगमन, ढुवानी, गोष्ठी, सम्मान कार्यक्रम तथा तालिम कार्यक्रमहरु शसर्त तथा निशर्त रुपमा मासिक तथा वार्षिक रुपमा पटक पटक सञ्चालन गरिएको पाइन्छ । नगरपालिकाले यस्ता पटके तथा वितरणमुखि खर्च नियन्त्रण गरी कार्यक्रम छनौट गर्दा यान्त्रिकरणमा जोड दिनुपर्ने र यस्ता क्षेत्रहरुमा सुधार ल्याउन दिर्घकालिन, उपलब्धीमुलक योजना बनाउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| १४. | **न्यायिक समिति र न्याय सम्पादन** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार नगरपालिकाको उप-मेयरको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । गाँउपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ । | |

| | | | | |
|---|---|---|---|---|
| | दर्ता भएका विवाद | फछ्र्यौट/अदालत पठाएको विवाद | फछ्र्यौट हुन बाँकी विवाद | |
| | ३२ | ३० | २ | |
| | उपरोक्त विवरण अनुसार प्राप्त विवादको समयमै निरुपण तथा फछ्र्यौट गर्ने तर्फ ध्यान दिनुपर्दछ । | | | |
| १५. | **स्थानीय कानुन निर्माण र कार्यान्वयन** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) अनुसार बनेका ऐन र दफा १०२(२) अनुसार ऐनको अधिनमा रही कार्यपालिकाले बनाएका नियम, निर्देशिका, कार्यविधि र मापदण्डहरु दफा १०२ (३) अनुसार स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाले हाल सम्म १२ वटा ऐन ९ कार्यविधि ३ निर्देशिका र १ मापदण्ड निर्माण गरी राजपत्रमा प्रकासित गरेको बिबरण उपलब्ध गराएको छ ।तसर्थ तोकिएको कानूनी व्यवस्था बमोजिम कानून निर्माण, प्रकाशन र कार्यान्वयनमा ध्यान दिनुपर्दछ । | | | |
| १६. | **कर्मचारी व्यवस्था** : निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकामा रहने कर्मचारी दरवन्दी ६३ जना रहेपनि पदपूर्ति ५० रहेको देखियो । अधिकृत सहित १३ पद रिक्त रहेका छन । नगरपालिकाले दरवन्दी भित्र र दर्बन्दी बाहेकका समेत ४१पदमा करारमा कर्मचारी राखि कार्य संचालन गरि रहेको छ । निजामति सेवा नियमावली अनुसार कर्मचारीको नियुक्ती र पदपूर्ति हुनु पर्दछ । दरवन्दी अनुसार पदपूर्ति नहुँदा सेवा प्रवाहमा असर परेको छ । | | | |
| | **ब.उ.शि.नं. ८०१४०२४ (वित्तीय समानीकरण पूँजीगततर्फ)** | | | |
| १७. | **योजना तर्जुमा-** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका विषयमा स्थानिय स्तरको विकासको लागि आवधिक, वार्षिक रणनितिगत विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन विकास योजना बनाई उत्पादन मुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, स्थानिय स्रोत साधन र सिपको अधिकतम प्रयोगहुने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने र दिगो विकासमा टेवा पुग्ने खालका परिमाणमुखी योजना छनौट गर्नुपर्ने उल्लेख छ । यस कार्यालयको वार्षिक निति तथा कार्यक्रम अध्ययन गर्दा अधिकांश तीन लाख रुपैंया भन्दा तलका आयोजना छनौट गरी वितरणमुखी कार्यक्रम तयार गरेको देखियो । ऐनमा व्यवस्था भए वमोजिम परिणाम देखिने खालका दिगो विकासलाई टेवा पुग्ने योजना छनौट गरी कार्यक्रम सञ्चालन गर्न नगरपालिकाको ध्यान जानु पर्दछ । | | | |
| १८. | **हेभी इक्विपमेण्टको प्रयोग –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको छ । नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगरपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । | | | |
| १९. | **बढी दर कायमः-** नेचुरल रिभर ग्राभेल लुज खरिद गरी ल्याउने,राख्ने, र छर्ने कामको दर विश्लेषण गर्दा दक्ष कामदार, अदक्ष कामदार, ग्राभेल, रोयल्टीको हुने रकम रु.१०३४/-मा एक्साभेसनको रु.९०/- समेत जोडी रु.११२४/-प्रति घन मिटर कायम गरी भुक्तानी भएको छ । ग्राभेल लुज खरिद गरी ल्याउने,राख्ने, र छर्ने कामको लागि लाग्ने दक्ष कामदार, अदक्ष कामदार, ग्राभेल, रोयल्टीको रकम समावेश गरी रु.१०३४/-दर निर्धारण गरी उपभोक्ता समितिवाट काम गराउनु पर्नेमा एक्साभेशनको रु.९०/-थप गरी दर कायम गरी देहायको योजनाको कामको रकम भुक्तानी भएकोले एक्साभेशन को रु.९०/-थप गरी भुक्तानीले वढी भुक्तानी भएको रु. | | | ६३००५१/- |

| सि.नं. | भौ.नं. | योजना | परिमाण | रकम |
|---|---|---|---|---|
| १ | १८६-०७५/११/८ | ज्योती मार्ग वडा नं.६ ग्राभेल | ९१.५८ | ८२४२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | २ | १९१-०७५/११/१२ | वाल सदन कृषि सडक एजिङ | ११४.१४ | १०२७२ | |
| | ३ | १९४-०७५/११/१२ | फुलवारी टोल वाटो एजिङ | १०६.७९ | ९६११ | |
| | ४ | २०३-०७५/११/१७ | दिपेश मार्ग एजिङ | ११८.८ | १०७७४ | |
| | ५ | २०४-०७५/११/२० | सूर्य मार्ग पि.एल.ओ.मार्ग | ११५.८४ | १०४२५ | |
| | ६ | २१७-०७५/१२/१४ | मुक्ति चापागाइको घर देखि लोकनाथको घर | ६७.३४ | ६०६० | |
| | ७ | २१९-०७५/१२/१५ | मनकामना बाटो ग्राभेल | ५२.०४ | ४६८३ | |
| | ८ | २२१-०७५/१२/१५ | गणेश वि.क.को घर पश्चिम | ६५.६३ | ५९०६ | |
| | ९ | २२७-०७५/१२/१७ | वालज्योती मार्ग एजिङ | १७६.६९ | १५९०२ | |
| | १० | २२८-०७५/१२/१७ | नरमाया गुरुङ चौक पुर्व सडक ग्राभेल | १५०.३२ | १३५२८ | |
| | ११ | २३३-०७५/१२/१८ | जव्दी मार्ग एजिङ | ८३.९ | ७५५१ | |
| | १२ | २३८-०७५/१२/१८ | लालिगुराँस मार्ग | ११४.८१ | १०३३२ | |
| | १३ | २३९-०७५/१२/१८ | जनसेवा यूवा क्लव पश्चिम दक्षिण सडक | ७२.६८ | ६५४१ | |
| | १४ | २४१-०७५/१२/२४ | लोकमार्ग ट्रायल सेन्टर एजिङ | ३६.८ | ३३१२ | |
| | १५ | २४५-०७५/१२/२४ | डिपोमार्ग ग्राभेल | ११९.२६ | १०७३३ | |
| | १६ | २५०-०७५/१२/२७ | हलेसी मार्गमा एजिङ | ११०.७८ | ९९७० | |
| | १७ | २५२-०७५/१२/२७ | नर्सरी टोल पुर्व एजिङ | २०५.९३ | १८५३३ | |
| | १८ | २५८-०७५/१२/२८ | पशुपती टोल एजिङ | ३१३.७८ | २८२४० | |
| | १९ | २५९-०७५/१२/२८ | आइतवारे सडक एजिङ | १४७.९६ | १३३१६ | |
| | २० | २६८-०७६/१/३ | जागृती मार्ग | १५०.३ | १३५२७ | |
| | २१ | २६९-०७६/१/४ | मुनालमार्ग चौकवाट शालिग्राम वि क को घर सम्म सडक | १३३.१६ | ११९८४ | |
| | २२ | २७२-०७६/१/६ | धामीटोल दक्षिण पश्चिम जानेवाटो | ६१.५ | ५५३५ | |
| | २३ | २७४-०७६/१/६ | काभ्रेटोल दक्षिण उप्रौलिया सडक | २५२ | २२६८० | |
| | २४ | २७८-०७६/१/८ | द राइजिङ मार्ग | १६८.९७ | १५२०७ | |
| | २५ | २८०-०७६/१/१२ | सि.डि.मार्ग ग्राभेल | १०८.७८ | ९७९० | |
| | २६ | २८१-०७६/१/१२ | घोषित मार्ग ग्राभेल | ६०.५३ | ५४४७ | |
| | २७ | २९६-०७६/१/१९ | टापुटोल लालझोडा जोड्ने सडक | ३६.७५ | ३३०७ | |
| | २८ | २९८-०७६/१/१९ | शहिद चौक टोल कृषि सडक | १२०.१५ | १०८१३ | |
| | २९ | ३०३-०७६/१/२५ | मुनाल चौक देखि बडहरा जाने सडक | २६१.१२ | २३५०० | |
| | ३० | ३०८-०७६/१/२७ | सगरमाथा मार्ग | ६८.१८ | ६१३६ | |
| | ३१ | ३१४-०७६/२/२ | बाघझोडा पोखरी पर्वकिस्ती पैनी जोड्ने सडक | १००.९८ | ९०८८ | |
| | ३२ | ३१७-०७६/२/२ | कयाले कित्ता जानेवाटो | ६०.३३ | ५४२९ | |
| | ३३ | ३१९-०७६/२/३ | कमल मार्ग | ५३.६२ | ४८२५ | |
| | ३४ | ३२४-०७६/२/६ | वडाका विभिन्न वाटो मर्मत वडा नं.४ | ५५६.०८ | ५००४३ | |
| | ३५ | ३३५-०७६/२/९ | कोइरी टोल उत्तर बाटो एजिङ | ११४.३४ | १०२९० | |
| | ३६ | ३३८-०७६/२/१३ | चांदनी पम्प पुर्व उत्तर ८ नं. सिमा सम्म | ४७३.३६ | ४२८७२ | |
| | ३७ | ३४५-०७६/२/१४ | लोथनी चौधरी टोल बाटो एजिङ | २१६.४८ | १९४८३ | |
| | ३८ | ३६१-०७६/२/२३ | सिर्जना मार्ग एजिङ | १०९.१२ | ९८२० | |
| | ३९ | ३७३-०७६/२/२८ | डियू मुसहर टोल बाटो एजिङ | ३४.२५ | ३०८२ | |
| | ४० | ४३५-०७६/३/१२ | गुंरास मार्ग बाटो एजिङ | २२२.४ | २००१६ | |

| | | | | |
|---|---|---|---|---|
| ४१ | ४५४-०७६/३/१९ | बरमनिया चौधरी टोल | १७४.५ | १५७०५ |
| ४२ | ४६२-०७६/३/१९ | ढडीया पोखरी पश्चिम सडक | १८२.७ | १६४४३ |
| ४३ | ५४०-०७६/३/२७ | वडा नं.३ अन्तर्गतका भित्रि सडक | २८३.०९ | २५४७८ |
| ४४ | ५४५-०७६/३/२७ | रत्ननगर सडक ग्राभेल | ११० | ९९०० |
| ४५ | ५५४-०७६/३/२७ | जयनगर जव्दी बाटो ग्राभेल | १७ | १५३० |
| ४६ | ५५६-०७६/३/२७ | वडा नं.१ बाटो ग्राभेल | ३६३ | ३२६७० |
| ४७ | ५६०-०७६/३/२७ | ७ नं.वडाका विभिन्न सडक | २४० | २१६०० |
| | | जम्मा | | ६३००५१ |

२०. **तोक आदेश वाट भएको कामः** :थानीय सरकार संचालन ऐन ,२०७४को दफा७३ अनुसार सभाबाट वजेट स्वीकृत भएको ७ दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेटको खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्ने छ । सो दफाको उप नियम ७ अनुसार कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई वजेट खर्च गर्न पाउने छैन भनि उल्लेख भएकोमा नगर प्रमुखको तोक आदेशले रु.३४,५५,९९६/-को निम्नानुसारका योजनाहरुमा वजेट खर्च गरि कार्यपालिकाको विभिन्न मितिको बैठकबाट अनुमोदन गरेको देखियो । सभाबाट स्विकृत नभएको योजनामा तोकआदेशबाट भएको खर्च नियम सम्मत देखिएन । यस्तो खर्चका केही व्यहोरा निम्नानुसार रहेका छन ।

| **भौ.नं.** | **योजना** | **रकम** |
|---|---|---|
| २३२-०७५/१२/१८ | भृकुटी मार्ग स्तरोन्नती | ६२४२९६ |
| ३४४-०७६/२/१४ | वालाजी मार्ग दोश्रो शाखा वाटो | १०६७०० |
| ४९६-०७६/३/२४ | शिवालय मार्ग सडक विस्तार | ५८२००० |
| ४९७-०७६/३/२४ | वृद्ध चौतारी निर्माण | १९४००० |
| ४९९-०७६/३/२४ | गोर्खा प्लटिङ पुर्व सगरमाथा वोर्डीङ जाने वाटो ग्राभेल | २४२००० |
| ५०५-०७६/३/२४ | विभिन्न विद्यालय सहयोग | १५५००० |
| ५०७-०७६/३/२४ | वेलगाछी त्रियूगा आइतवारे सडक मर्मत | ५८२००० |
| ५१६-०७६/३/२५ | गौतम मार्ग निर्माण | ४८५००० |
| ५१९-०७६/३/२५ | मदाहा बांध पैनी मर्मत | ४८५००० |
| | **जम्मा** | **३४५५९९६** |

२१. **विद्यालयको खर्चः-** विद्यालयकालागि आवश्यक पर्ने शिक्षक तलव वाहेक सम्पुर्ण रकम संघिय सरकारवाट बेहोरिने व्यवस्था छ । यस वर्ष नगरपालिकावाट देहायका विद्यालयहरुलाई रंगरोगन, शैक्षिक सामाग्रि र पूर्वाधार जस्ता कार्यकालागि रु.८,१०,५००/- खर्च लेखेको छ । संघिय निकायवाट समेत बेहोरिने यस्ता प्रकारका कार्यमा नगरपालिकावाट समेत खर्च गरींदा एउटै कामकालागि दोहोरो खर्च लेखेको हुन सक्तछ । दोहोरो खर्च नहुने व्यवस्था मिलाई खर्च गर्ने आधार नगरपालिकाले अवलम्वन गर्नु पर्दछ ।

| **भौ.नं र मिति** | **विद्यालयको नाम** | **काम** | **रकम** |
|---|---|---|---|
| २११-०७५/११/२३ | श्री खड्ग मा.वि. | रंगरोगन | १४५५०० |
| ५११-०७६/३/२५ | श्री खड्ग मा.वि. | शैक्षिक सामाग्रि | ३०००० |
| ५११-०७६/३/२५ | श्री ढडिया आ.वि | शैक्षिक सामाग्रि | १५०००० |
| ५१२-०७६/३/२५ | जनसेवा आ.वि. | शैक्षिक सामाग्रि | ९७००० |
| ५४२-०७६/३/२७ | श्रीराम आ.वि. | पूर्वाधार | १९४००० |
| ५५५-०७६/३/२७ | जनता मा.वि. | पूर्वाधार | १९४००० |
| | | जम्मा | ८,१०,५००/- |

२२. **बढी भुक्तानीः**-(भौ.नं.३५९-०७६/२/२३)ढडिया प्रा.वि. पश्चिम जानेवाटो ग्राभेल ७१.८२ घ.मि.गर्ने

काम उपभोक्तावाट गराई रु.८१,५३८/- भुक्तानी गरेको छ। नर्म्स अनुसार ग्राभेलको काममा प्रति घन मिटर १.०५ लेवर लाग्ने उल्लेख भए अनुसार ७१.८२ घ.मि.को काममा ७२.५३ लेवर प्रयोग गरीनु पर्ने हुन्छ। उक्त काममा ७२.५३ लेवरको लागि रु.३८८०३/- भूक्तानी भएको छ। तर उपभोक्ता समितिले ८ जना मात्र लेवर प्रयोग गरी प्रति लेवर प्रति दिन रु.५३५/-ले रु.४२८०/-बुझेको डोर हाजिर फाराम पेश भएको छ। अतः दर विश्लेशण बमोजिम उक्त काममा ७२.५३ लाग्नेमा ८ जनामात्र लेवर प्रयोग भएको डोर हाजिर फाराम पेश गरेकोले प्रयोग भएको भन्दा ६४.५३ लेवरको बढी भुक्तानी भएको रकम रु.३४,५२३/-अशुल गर्नु पर्ने रु. ३४५२३/-

२३. **बढी काम गरेको:-**नगरपालिकावाट यस वर्ष आफ्ना क्षेत्रका विभिन्न स्थानमा एजिङ्गको काम गराएको छ। उक्त काम गर्दा सडकको दुवै साइडमा प्लम कंक्रिटको काममा ३० से.मि.चौडाईको वाल लगाउने काम को लागि १ मिटर चौडामाटो खन्ने, १ मिटर चौडाढुङ्गा सोलिङ्ग, र १ मिटर चौडापि.सि.सि.गरेको देखाई भुक्तानी खर्च लेखेको छ। सामान्यतया जुन साइजको वाल लगाउने हो सोही अनुपातमा खन्ने,सोलिङ्ग गर्ने र पि.सि.सि.को काम गर्नुपर्ने हुन्छ। अतः वाल को अनुपातमा जमिन मुनिको काम खन्ने, सोलिङ्ग गर्ने र पि.सि.सि.जस्ता कामको बढी परिमाणको काम देखाई मित व्ययीताको सिद्धान्त विपरित अनावश्यक बढी खर्च लेखेको छ। यस्तो खर्चको सम्वन्धमा छानविन गरीनु पर्दछ। उदाहरणको लागि देहायमा उल्लेखित योजनाको काममा वालको साइज भन्दा बढी परिमाणको खन्ने,सोलिङ्ग गर्ने र पि.सि.सि को काम देखाई अनियमित खर्च लेखेको रु. ११७३७५५/-

| भौ.नं. | योजना | काम | बढी परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| ३२०-०७६/२/३ | ज्ञानज्योती मार्ग एजिङ्ग | माटो खन्ने | ३६.९२ | ७९.१ | २९२० |
| | | ढुङ्गा सोलिङ्ग | १२.४४ | २७३७.६४ | ३४०५६ |
| | | पि.सि.सि. | ९.८४ | १०३३७.९८ | १०१७२५ |
| ३६४-०७६/२/२६ | मालतीपूल पुष्पान्जली चौक एजिङ्ग | माटो खन्ने | २१.६३ | ७९.१ | १७१० |
| | | ढुङ्गा सोलिङ्ग | २६.४१ | २७३७.६४ | ७२३०१ |
| | | पि.सि.सि. | १४.०८८ | १०३३७.९८ | १४५६४१ |
| ३८६-०७६/२/३० | जिनाटोल एजिङ्ग | माटो खन्ने | २५.७६ | ७९.१ | २०३७ |
| | | ढुङ्गा सोलिङ्ग | १२.६५ | २७३७.६४ | ३४६३१ |
| | | पि.सि.सि. | ६.७२ | १०३३७.९८ | ६९४७१ |
| ३८९-०७६/३/१ | पु.वि.वि. सडक देखि भट्टराई देवाली थान एजिङ्ग | माटो खन्ने | ८१.२५२ | ७९.१ | ६४२७ |
| | | ढुङ्गा सोलिङ्ग | ४०.६२ | २७३७.६४ | १११२०२ |
| | | पि.सि.सि. | २१.६७ | १०३३७.९८ | २२४०२४ |
| ४७६-०७६/३/२२ | सगरमाथा मार्ग एजिङ्ग | माटो खन्ने | ५९.१६ | ७९.१ | ४६७९ |
| | | ढुङ्गा सोलिङ्ग | २९.५८ | २७३७.६४ | ८०९७९ |
| | | पि.सि.सि. | १५.७७ | १०३३७.९८ | १६३०२९ |
| ५१०-०७६/३/२५ | फुलवारी मार्ग एजिङ्ग | माटो खन्ने | २८.३ | ७९.१ | २२३८ |
| | | ढुङ्गा सोलिङ्ग | १४.१५ | २७३७.६४ | ३८७३७ |
| | | पि.सि.सि. | ७.५४ | १०३३७.९८ | ७७९४८ |
| | | जम्मा | | | ११७३७५५/- |

२४. **पुरानो विल:-**गत वर्ष सम्झौता भई यस वर्ष सम्म क्रमागत रुपमा योजना संचालन भएको जनाई यस वर्ष खर्च लेखेको छ। देहायको योजनाको काममा गत वर्षको विल पेश गरी भुक्तानी भएको छ। यस वर्ष भएको कामकोलागि गत वर्षको विल पेश गरी भुक्तानी भएको रु. ८,२०,५५०/- ८२०५५०/-

अनियमित भएको रु.

| सि.नं. | भौनं. | योजना | संस्था | विल जारी मिति | रकम |
|---|---|---|---|---|---|
| १ | १९-०७५/६/२९ | गछिया खोलामा नदी नियन्त्रण | अनमोल ट्रेड एण्ड सप्लायर्स | २०७५/३/२७ | १९९४१० |
| २ | १९-०७५/६/२९ | गछिया खोलामा नदी नियन्त्रण | अनमोल ट्रेड एण्ड सप्लायस | २०७५/३/२२ | ८८३२० |
| ३ | १९-०७५/६/२९ | गछिया खोलामा नदी नियन्त्रण | हरिपुर्णिमा कन्ष्ट्रक्सन | २०७५/३/२७ | ४००००० |
| ४ | ३५-०७५/७/१९ | सार्वजनिक सौचालय निर्माण | भुल्के निर्माण सेवा | २०७५/२/८ | १३२८२० |
| | | | | | ८२०५५० |

२५. **मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको खरिदः-**मूल्य अभिवृद्धि कर ऐन एवं नियम अनुसार मूल्य अभिवृद्धि कर लाग्ने बस्तुको कारोवारमा मूल्य अभिवृद्धि कर सहितको विजक जारी गर्नु पर्ने व्यवस्था छ । मूल्य अभिवृद्धि कर लाग्ने बस्तु खरिदको लागि लागत अनुमान तयार गर्दा मूल्य अभिवृद्धि कर समेत समावेश गरेको हुन्छ । नगरपालिकाले यस वर्ष विभिन्न योजनाको निर्माण काम उपभोक्ता समिति वाटगराई विल पेश गर्दा ग्राभेल वालुवा तथा ढुङ्गा खरिदको विल मूल्य अभिवृद्धि कर सहितको पेश नगरी प्यान एवं हाते भर्पाई विल पेश भएको छ । देहाय अनुसारको उपभोक्ताले गरेको कामको मू.अ.कर लाग्ने बस्तुको खरिद कार्यमा अनिवार्य रुपले मू.अ.कर समावेश भएको विजक जारी भएको नदेखिएकोले मूल्य अभिवृद्धिकरको रकम रु.१०,६७,२०७/- अशुल गर्नु पर्ने रु. १०६७२०७/-

| भौ.नं. | योजना | व्यक्ति/ फर्म | रकम | १३ प्रतिशत मू.अ.कर |
|---|---|---|---|---|
| १३-०७५/६/२८ | न्यू नमुना मार्ग निर्माण | वलराम राइ | १३६००० | १७६८० |
| १३-०७५/६/२८ | न्यू नमुना मार्ग निर्माण | त्रिशक्ति ढुवानी सेवा | ५५२२० | ७१७८ |
| ३६-०७६/७/१९ | सार्वजनिक शौचालय महा अभियान | भुल्के निर्माण सेवा | २०८३१० | २७०८० |
| ४०-०७५/७/२० | वडा स्तरीय सडक मर्मत वडा नं. ९ | सुविधा निर्माण सेवा | ५४५५८ | ७०९२ |
| ४०-०७५/७/२० | वडा स्तरीय सडक मर्मत वडा नं. ९ | खड्का ढुवानी सेवा | ७२७४४ | ९४५६ |
| ४०-०७५/७/२० | वडा स्तरीय सडक मर्मत वडा नं. ९ | भाञ्जाश्री निर्माण सेवा | ८४८६८ | ११०३२ |
| ३८७-०७६/२/३० | पूर्व झिमरा मार्ग | | १८९२५९४ | २४६०३७ |
| ४०१-०७६/३/३ | शुक्रवारे खेल मैदान | | ६४८०० | ८४२४ |
| ४१७-०७६/३/५ | वडा नं.का विभिन्न सडक | | २०३४७५ | २६४५१ |
| ४१८-०७६/३/५ | झागरटोल सडक | | ३५८००० | ४६५४० |
| ४२०-०७६/३/८ | सिंहवाहिनी सडक | | २११५०० | २७४९५ |
| ४२२-०७६/३/८ | निधिराज मार्ग | | ६९११४ | ८९८४ |
| ४२३-०७६/३/८ | नवज्योती ख मार्ग | | ४९१४० | ६३८८ |
| ४२७-०७६/३/९ | भुल्के मन्दिर गेट देखि वलरामको घर | | २३७६२८ | ३०८९१ |
| ४२९-०७६/३/१२ | लोक मार्ग टेलिकम सडक | | २०७४५२ | २६९६८ |
| ४३२-०७६/३/१२ | रणकाली सामुदायिक भवन | | १५१०७९ | १९६४० |
| ४३५-०७६/३/१२ | गुरांस मार्ग एजिङ्ग | | ४२०००१ | ५४६०० |
| ४४६-०७६/३/१७ | विहिवारे मार्ग | | १३६४०१ | १७७३२ |
| ४५४-०७६/३/१९ | वरमनिया चौधरी टोल | | २६५३०१ | ३४४८९ |
| ४६२-०७६/३/१९ | ठडियापोखरी पश्चिम सडक | | २१२३०६ | २७६०८ |
| ४७६-०७६/३/२ | सगरमाथा मार्ग ड्रेन निर्माण | | २०३१९६ | २६४१५ |
| ४८४-०७६/३/२३ | चौरीटोल टनकपूर ग्राभेल | | ३४८००१ | ४५२४० |
| ४९५-०७६/३/२४ | तुलसीचौक देखि तुलसी थापाको घर | | ७६७४९७ | ६०७७४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ४९६-०७६/३/२४ | शिवालय सडक मार्ग | | २४५१०० | ३१८६३ | |
| | ४९९-०७६/३/२४ | पचहत्तरेविघे पुर्व पश्चिम सडक | | २२०००० | २८६०० | |
| | ५२१-०७६/३/२५ | विभिन्न बाटो मर्मत | | २३००६० | २९९०७ | |
| | ५२५-०७६/३/२५ | दिव्य मार्ग ग्राभेल | | ५८५००० | ७६०५० | |
| | ५३१-०७६/३/२६ | मदाहा कल्भर्ट देखि गोठगाउ सडक | | ४६६१७७ | ६०६०३ | |
| | ५४०-०७६/३/२७ | वडा नं.३ अन्तर्गतका विभिन्न बाटो | | २८८००० | ३७४४० | |
| | २०१-०७५/११/१५ | शिव मार्ग एजिङ वडा नं.५ | | २८२७२ | ३६७५ | |
| | २९६-०७६/१/१९ | टापुटोल लाटीझोडा जोड्ने सडक | | १७५०० | २२७५ | |
| | ३१६-०७६/२/२ | गोसलाइन मझुवा बांध सम्म तटवन्ध | | २०००० | २६०० | |
| | | **जम्मा** | | | **१०६७२०७/-** | |
| २६. | **मूल्य अभिवृद्धि कर विजक जारी नगरेको:-**मूल्य अभिवृद्धि कर ऐन एवं नियम अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मले अनिवार्य मूल्य अभिवृद्धि कर विजक जारी गर्नु पर्ने व्यवस्था छ । यस वर्ष वडा स्तरीय सडक मर्मत वडा नं. ९ को काममा ग्राभेल सप्लाई गर्ने आभास्मा सप्लायर्सले प्यान नं. ६०३२६०७०२ भएको प्यान विल जारी गरी रु.३६,३७२/- भुक्तानी लिएको छ । उक्त प्यान नम्वर भएको आभास्मा सप्लायर्स २०७२।३।१७ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको देखिन्छ । अतः मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्मले मूल्य अभिवृद्धि कर समावेश भएको विजक जारी नगरी प्यान विल जारी गरेको छ । उपभोक्ताले गरेको कामको मू.अ.कर लाग्ने बस्तुको खरिद कार्यमा अनिवार्य रुपमा मू.अ.कर समावेश भएको विजक जारी भएको नदेखिएकोले मूल्य अभिवृद्धिकरको रकम रु. ४,७२८/-अशुल गर्नु पर्ने रु. | | | | | ४७२८/- |
| २७. | **खरिद आदेश नगरी काम गराएको:-**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४ अनुसार अधिकार प्राप्त अधिकारीको लिखित आदेश बिना कसैले कुनै खरिद गर्न गराउन नहुने व्यवस्था गरेको छ । नगरपालिकाले यस वर्ष ल्याण्ड फिल्ड साइडमा व्यवस्थापन कार्यको लागि डोजर प्रयोग र सलकपूर जाने वाटो सम्याउने काम गरी रु.२१,३१८/- खर्च गरेको छ । उक्त काम गर्दा आधिकारीक पदाधिकारीले काम गर्ने लिखित आदेश दिएको छैन । लिखित आदेश नभई भएको कामको भुक्तानी अनियमित भएको रु. | | | | | २१३१८/- |

| सि.नं. | भौ.नं. | काम | व्यवसायी | रकम |
|---|---|---|---|---|
| १ | ८-०७५/६/२८ | ल्याण्ड फिल्ड साइडमा व्यवस्थापन कार्य डोजर प्रयोग | वोधराज कंष्ट्रक्सन | १६५२६ |
| २ | १५-०७५/६/२८ | सलकपूर जाने वाटो सम्याउने | भुल्के कालिमाता कंष्ट्रक्सन | ४७९२ |
| | | | **जम्मा** | **२१३१८/-** |

२८. **सवारी साधन खरिदः-**यस वर्ष नगरपालिकाले देहाय अनुसारको सवारी साधन खरिद गरेको छ ।

| सि.नं. | भौ.नं. | सवारी साधन | गोटा | रकम |
|---|---|---|---|---|
| १ | विभिन | होण्डा मोटरसाइकल | ५ | १३५१६०० |
| | | **जम्मा** | | **१३,५१,६००/-** |

२९. **गैर सरकारी संस्थावाट कामः**-सार्वजनिक खरिद ऐन, २०६३अनुसार जनचेतना सम्वन्धि तालिम,अभिमुखीकरण सवलीकरण, मूलप्रवाहीकरण कार्यछिटो छरितो, प्रभावीकरण र मितव्ययी हुने भएमा तोकिएको प्रकृया पुरागरी गैर सरकारी संस्थावाट काम गराउन वा सेवा लिन सकिने व्यवस्था गरेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९९ अनुसार गैर सरकारी संस्थावाट काम गराउनकोलागि त्यस्तो कामको आवश्यत्ता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति,कार्य संचालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने,दश लाख रुपैया सम्मको कामको लागि गर्नुपर्ने कामको उद्देश्य राखि प्रचलित कानुन बमोजिम दर्ता भएको, कार्यालयको मौजुदा सूचिमा रहेको, राष्ट्रिय वा स्थानिय स्तरको दैनिक समाचार पत्रमा पन्ध्र दिनको अवधिको सूचना प्रकाशित गरी प्रस्ताव माग गर्ने र परेको प्रस्ताव मध्ये मूल्यांकन समितिले कार्यक्षेत्रगत शर्त पुरागरी न्यूनतम रकम प्रस्ताव गर्ने

प्रस्तावकको प्रस्ताव सिफारिस गरे अनुसार प्रस्ताव स्वीकार भएकोवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । नगरपालिकाले यस वर्ष सामुदायिक विकासकालागि सहयोगी हातहरु नामक गैर सरकारी संस्थावाट सजावट सम्वन्धि तालिम संचालन गरी रु.५०,०००/- र आशा नेपालवाट जैविक तथा अजैविक फोहोर व्यवस्थापन तालिम संचालन गरी रु.**४,१०,९००/-**भुक्तानी गरेको छ । यसरी काम गराउदा सार्वजनिक खरिद नियमावली,२०६४ मा व्यवस्था गरे अनुसारको शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्ने, गैर सरकारी संस्थाको मौजुदा सूचि तयार गर्ने, पत्रपत्रिकामा सूचना प्रकाशनगरी प्रस्ताव लिने जस्ता प्रकृया पुरा गरेको देखिएन । यसरी नियमले तोकेको प्रकृया पूरा नगरी गैर सरकारी संस्थावाट काम गराई अनियमित खर्च गरेको रु. ४१०९००/-

| **सि.नं.** | **भौ.नं.** | **संस्था** | **काम** | **रकम** |
|---|---|---|---|---|
| १ | ४३६-०७६/३/१२ | सामुदायिकसामुदायिक विकासकालागि सहयोगी हातहरु विकासकालागि सहयोगी हातहरु | सजावट सम्वन्धि तालिम | ५०००० |
| २ | ५००-०७६/३/२४ | आशा नेपाल | जैविक तथा अजैविक फोहोर व्यवस्थापन तालिम | ३६०९०० |
| | | | **जम्मा** | **४१०९००** |

३०. **उपभोक्ता समितिवाट कालोपत्रेको कामः-**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले कालोपत्रे लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्यनगद साझेदारीमा उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । कालोपत्रे लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य अनुभव विहिन उपभोक्ता समितिवाट गराउँदा गुणस्तर एवं दिगोपनाको समस्या हुन सक्तछ । अतः यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ ।

| **भौ.नं.** | **योजना** | **रकम** |
|---|---|---|
| ३०४-०७६/१/२५ | कराइवना नमुना सडक कालोपत्रे | ८५८००० |
| ३१३-०७६/२/२ | फुलवारी मार्ग कालोपत्रे | २५७१६२६ |
| ३४१-०७६/२/१३ | मुनाल हवेली मार्ग | १६३३२९६ |
| ३७८-०७६/२/२९ | ब्राइट फ्यूचर पष्पाञ्जली मार्ग | १६७२७४९ |
| ३८७-०७६/२/३० | पुर्व फिमरा मार्ग | ३०१२५९३ |
| ३९२-०७६/३/१ | साझा चौक कुमार गाउ जोड्ने सडक | ४०९६०६ |
| ३९७-०७६/३/३ | आश्रीत मार्ग | १६१०५६४ |
| ४०७-०७६/३/३ | पचहत्तर विघे पूर्व पश्चिम सडक | २१३९५३२ |
| ४३३-०७६/३/१२ | हरैंचा मोड उत्तर त्रिवेणी चौक सडक | २४१४००० |
| ४३७-०७६/३/१२ | सृजना मार्ग | १४२४६३७ |
| ४९८-०७६/३/२४ | पचहत्तर विघे पूर्व पश्चिम सडक | १८६५७३७ |
| ५१५-०७६/३/२५ | पचहत्तर विघे पूर्व पश्चिम सडक | २५३२७५ |
| ५२७-०७६/३/२५ | भानु मार्ग | १७०३१३६ |
| ५३६-०७६/३/२७ | नमुना मार्ग | ६५०६६२ |
| ५५७-०७६/३/२७ | श्री मार्ग कालोपत्रे | २४२५००० |
| | **जम्मा** | **२४६४४४१३** |

३१. **पि.एस. आइटम-**(भौ.नं.४७३-०७६/३/२२)सम्झौता अनुसार मूल्यसूचिमा पि.एस आइटम उल्लेख भएको सामानको विल अनुसारको रकम भुक्तानी गर्नु पर्ने हुन्छ । सलकपूर कल्भर्ट निर्माणको काम निर्माण व्यवसायी विराट कन्स्ट्रक्सन संग भएको सम्झौताको वि.ओ.क्यू.मा इन्स्योरेन्स र ट्राफिक सुरक्षा को काम पि.एस. आइटम राखेको छ । कार्यालयवाट इन्स्योरेन्स र ट्राफिक सुरक्षा को २००००/-

| | | |
|---|---|---|
| | कामको रु.२००००।- भुक्तानी भएको छ । तर निर्माण व्यवसायीले इन्स्योरेन्स र ट्राफिक सुरक्षा को कामको विजक पेश गरेको छैन । विजक पेश नगरी भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु. | |
| ३२. | **विद्यालयको जिन्सि**:-(३८२-०७६/३/२७)आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम ३ अनुसार खर्च गर्दा बिल भर्पाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ । त्यस्तै आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार जिन्सि सामानको श्रेस्ता महालेखा परीक्षकको कार्यालयले स्विकृत गरेको ढाचामा महालेखा नियन्त्रक कार्यालयले तयार गरेको निर्देशिका बमोजिम राख्नु पर्ने उल्लेख छ । सोही प्रयोजनकोलागि महालेखा परीक्षकको कार्यालयवाट  खर्च भएर नजाने सामानको लागि म.ले.प.फा.नं.४७ र खर्च भएर जाने सामानको लागि म.ले.प.फा.नं.५२ स्विकृत गरेको छ । जिन्सि दाखिला गर्दा सामानको मुल्य समेत उल्लेख गर्नु पर्ने व्यवस्था छ । यस वर्ष नगरपालिकावाट देहायका २ विद्यालयलाई ब्राण्डेड ल्यापटप, डेस्कब्रेञ्च, कम्प्यूटर,मण्टेश्वरी टेवल,प्रिण्टर,बुक कर्नर र पावर सकेट जस्ता सामान  खरिद गरी रु.७,८९,३७५/- भुक्तानी गरेको छ । उक्त सामान सम्वन्धित विद्यालयले आफ्नो जिन्सि खातामा स्पष्ट रुपले खर्च भएर जाने तथा नजाने छुट्टाछुट्टै खाता खडा गरी राखेको खातामा आम्दानी गरेको देखिएन । नगरपालिकाको आर्थिक सहयोग लिने  उद्देश्य मात्रले दाखिलाको गोश्वारा पाना पेश गरेको आधारमा भुक्तानी भएको छ । कार्यालयवाट प्रदान गरीएको खप्ने प्रकारको सामान सम्वन्धित विद्यालयले स्विकृत ढाचाको खातामा आम्दानी गरेको प्रमाण पेश नगरी खर्च लेखेको रकम अनियमित भएको रु. | ७८९३७५/- |

| सि.नं. | भौ.नं. | विद्यालय | सामान | संख्या | रकम |
|---|---|---|---|---|---|
| १ | ८५-०७५/९/२६ | चण्डेश्वरी आ.वि.वडा नं. १० | ब्राण्डेड ल्यापटप | १ | ९०२८७ |
| | | | प्रिन्टर | १ | २५०२९ |
| | | | डेस्कटप कम्प्यूटर | २ | १२७८०३ |
| | | | पावर सकेट | ८ | ७००६ |
| २ | ३१८-०७६/२/२ | ज्योती मा.वि. | जोडिएको डेस्क ब्रेञ्च | ४० | ५३९२५० |
| | | | मण्टेश्वरी टेवल | १० | |
| | | | बुक कर्नर | ५ | |
| | | | **जम्मा** | | **७८९३७५/-** |

| | | |
|---|---|---|
| ३३. | **अन्य क्षेत्रमा खर्च** :-यस वर्ष नगरपालिकालेमोरङ्ग सामुदायिक विद्युत सहकारी संस्था र ओसो विश्रान्ती केन्द्र, प्रथम महिला पत्रकार सगरमाथा आरोहण २०१८ र श्री चिरम स्मृती प्रतिष्ठान जस्ता संस्थालाई रु.१६,५३,८०६/-भुक्तानी गरेको पाइयो । नीजि प्रकृतीबाट प्रवर्द्धित तथा सञ्चालित त्यस्तो आयोजनामा नगरपालिकालाई कुनै प्रतिफल प्राप्त नहुने गरी लगानी गरेको मनासिब देखिएन । अतः त्यस्ता योजनामा लगानी गर्दा आयोजनावाट नगरपालिका एवं सो क्षेत्रका जनतालाई दीर्घकालीन प्रतिफल समेतको विचार गरी लगानी गर्नुपर्ने देखिन्छ । | |

| भौ.नं. | विवरण | प्रयोजन | रकम |
|---|---|---|---|
| ४६६-०७६/३/२२ | मोरङ्ग सामुदायिक विद्युत सहकारी संस्था | ट्रन्फर्मर खरिद | ४५७८०६ |
| ४७१-०७६/३/२२ | ओसो विश्रान्ती केन्द्र | भवन निर्माण | २९१००० |
| ९१-०७५/९/२९ | प्रथम महिला पत्रकार सगरमाथा आरोहण २०१८ | सहयोग | ६००००० |
| ५५१-०७६/३/२७ | श्री चिरम स्मृती प्रतिष्ठान | भवन निर्माण | ३०५००० |
| | | जम्मा | १६,५३,८०६/- |

| | | |
|---|---|---|
| ३४. | **उपभोक्ता समितिवाट सामान खरिदः**-एक करोड रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्वन्धि सेवा उपभोक्ता समितिवाट गर्न सकिने उल्लेख छ ।  यस वर्ष कार्यालयवाट देहायका उपभोक्ता समुहवाट सामग्रि खरिद वापत रु.७,२५,२८५/- भुक्तानी गरेको छ । निर्माण काम र सो सम्वन्धि सेवाको काम मात्र उपभोक्ता समितिवाट गर्नुपर्नेमा निर्माण सामाग्रि खरिद को कार्य समेत उपभोक्ता समितिले गरेकोले अनियमित भएको रु. | ७२५२८५/- |

| भौ.नं. | उपभोक्ता समिति | काम | रकम |
|---|---|---|---|
| ५४३-०७६/३/२७ | डष्टविन स्टेण्ड विकास समिति | २० गोटा डस्टविन स्टेण्ड खरिद | १९४००० |
| ५६१-०७६/३/२७ | वडागत विद्युती करण कार्य उ.स. वडा नं.७ | वायर सकेट खरिद | ५३१२८५ |
| | | जम्मा | ७२५२८५ |

३५. **बढी भुक्तानी**:-आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाच गर्नुपर्ने उल्लेख छ । नगरपालिकावाट यस वर्ष चक्रमार्ग वाटो निर्माण, कन्चनमार्ग बाटो एजिङ्ग र मनकामना मार्ग बाटो एजिङ्ग को काम लागत सहभागितामा उपभोक्ता समितीवाट काम गराइ रु.८,५१,३४९/-भुक्तानी भएको छ । उपभोक्ता समिती संग रु.८ ३८,२५६/-मा सम्पन्न गर्ने सम्झौता भएकोमा बढी रु.१३,०९३/- भुक्तानी भएकोले अशुल गर्नु पर्ने रु. १३०९३/-

| सि.नं. | भौ.नं. | योजना | सम्झौता | भुक्तानी | बढी |
|---|---|---|---|---|---|
| १ | १८५-०७५/११/८ | चक्रमार्ग वाटो निर्माण | २०३८०१ | २०६८०३ | ३००२ |
| २ | २०९-०७५/११/२२ | कन्चनमार्ग बाटा एजिङ्ग | ३५७१०९ | ३६३२०० | ६०९१ |
| ३ | २१९-०७५/१२/१५ | मनकामना मार्ग बाटो एजिङ्ग | २७७३४६ | २८१३४६ | ४००० |
| | | **जम्मा** | **८३८२५६/-** | **८५१३४९/-** | **१३,०९३/-** |

३६. **सिमेण्ट:-**आर्थिक कार्यविधिनियमावली, २०६४ को नियम ३६ को उपनियम ३ अनुसार खर्च गर्दा बिल भर्पाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ । नगरपालिकावाट नयां वस्ती सुकुम्वासी तटवन्ध र स्वास्थ्य चौकी मृगौलिया घेरावेरा कामको लागत अनुमान तयार गर्दा ओ.पि.सि.सिमेण्ट प्रयोग गर्ने गरी तयार गरेको छ । स्विकृत दर रेट अनुसार ओ.पि.सि. सिमेण्ट प्रति ५० के.जि. प्याकेटको रु. ८५०/- र पि.पि.सि. को रु.७५०/- भएकोले फरक दर मु.अ.कर समेत रु. ११३/-रहेको छ । उक्त निर्माण कामका लागि उपभोक्ता समितिले पि.पि.सि. सिमेण्ट खरिद गरेको विल पेश गरेको छ । नर्म्स अनुसार उक्त योजनामा भएको पि.सि.सि.१:३:४, ढुंगाको गारो १:३ र प्लाष्टर १:४ को काममा सिमेण्ट ७३५६.६३ के.जि.प्रयोग भएको छ । अतः ओ.पि.सि. सिमेण्ट प्रयोग गर्ने गरी तयार भएको लागत अनुमानको काममा पि.पि.सि. सिमेण्ट प्रयोग भएको कामको भुक्तानी गर्दा बढी रु.१६,६२६/-भुक्तानी भएको रकम अशुल गर्नु पर्ने रु. १६६२६/-

| सि.नं. | भौ.नं. | योजना | सिमेण्ट के.जि. | रकम |
|---|---|---|---|---|
| १ | २२०-०७५/१२/१५ | नयां वस्ती सुकुम्वासी तटवन्ध | ५७७०.३४ | १३०४१ |
| २ | २४२-०७५/१२/२४ | स्वास्थ्य चौकी मृगौलिया घेरावेरा | १५८६.२९ | ३५८५ |
| | | **जम्मा** | **७३५६.६३** | **१६,६२६/-** |

३७. **ठेक्काको अभिलेख**:आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद –११ को नियम ९२ अनुसार प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य आम्दानी खर्चको लेख महालेखापरीक्षकको विभागबाट स्वीकृत ढांचामा राख्नुपर्ने छ । लेखा भिड्ने प्रमाणित कागजातहरु पनि सिलसिलाबद्ध तरिकाले राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले गत विगत वर्षमा के कति कामको ठेक्का पट्टा भएको थियो । ती ठेक्का मध्ये के कति भुक्तानी भई कति भुक्तानी हुन वांकी रहेको छ, ठेक्का भएको निर्माणको निर्माण सम्पन्न हुने अवधि, भुक्तानी मिति, वैंक ग्यारेन्टी र विमाको म्याद खुल्ने विवरणको( म.ले.प.फा.नं.१९०) अभिलेख जस्ता निर्माण कार्यको प्रमाणीत गर्ने अभिलेखहरु कार्यालयले राख्ने गरेको देखिएन । यी अभिलेखको अभावमा ठेक्काको म्याद वैंक ग्यारेन्टीको र विमाको म्याद, ठेक्कामा हालसम्म कति भुक्तानी भयो र कति भुक्तानी हुन वांकी छ सो सम्वन्धि जानकारी नहुने हुंदा, वैंक ग्यारेन्टी र विमाको कभरेज नहुने र अभिलेखको अभावमा एउटै कामको दोहोरो विल पेश भई भुक्तानी हुन सक्ने हुंदा नियमानुसार राख्नु पर्ने यस्तो अभिलेख राख्नुपर्ने देखिन्छ ।

३८. **नापी किताव:**कार्यालयले वहुवर्षिय आयोजनाको कार्यको निर्माण व्यवसायीलाई रनिङ्ग विल भुक्तानी गर्दा नापि किताबको आधारमा भुक्तानी दिने व्यवस्था रहेको छ । परीक्षण गरिएका संलग्न

| | | |
|---|---|---|
| | गोश्वारा भौचर संग संलग्न फाटवारीमा निर्माण व्यवसायीले कार्य गरेपछि भुक्तानी प्रयोजनको लागि कम्प्युटरवाट छुटा छुटै लुज नापी सिट समावेश गरी रकम भुक्तानी दिने गरेको देखियो । कामको एकिकृत नापी देखिने अभिलेख नहुनाले दोहोरो विल तयार गरि निर्माण व्यवसायीलाई भुक्तानी हुन सक्ने जोखिम रहेको छ । तसर्थ कार्य सम्पन्न भएपछि भुक्तानी दिएको कम्प्युटरवाट तयार भएको लुज सिट वाइन्डिङ गरि सोही आधारमा एकिकृत नापी अभिलेख तयार हुनु पर्दछ । | |
| ३९. | **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । नगरसभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७५।७६ अनुसार नगरपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन ।<br>नगरपालिकाले यस वर्ष रु.५० हजार देखि रु.९९ लाख सम्मका जम्मा ४४९ वटा योजना उपभोक्ता समिति मार्फत संचालन गरेकोमा रु.१ लाख मुनिका ६० योजनाहरु रहेका छन् । प्रतिस्पर्धात्मक तरिकाले निर्माण कार्य गराउँदा मितव्ययी र गुणस्तरीय निर्माण कार्य हुन जाने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । बोलपत्रको माध्यमबाट प्रतिस्पर्दागरी ठेक्काबाट निर्माण कार्य गर्दा लागत अनुमानको तुलनामा ३० देखि ५० प्रतिशत सम्म घटीमा निर्माण कार्य भएको देखिन्छ । उपभोक्ताबाट भएको काममा लागत अनुमानकै हाराहारीमा निर्माण कार्य भएको देखिदा मितव्ययीताको हिसाव बाट समेत उपयुक्त नभएको र साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापन तथा अनुगमनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रवाही नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने हुदा साना योजनामा लगानी गर्नु भन्दा ठूला योजना छनौट गरी सिमित श्रोतको उपयोगमा ध्यान दिनु पर्ने देखिन्छ । | |
| ४०. | **उपभोक्ता**:सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययी, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सिर्जना गर्ने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिने उल्लेख छ । यो वर्ष कार्यालयले ४४९ उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराई रु.२७ करोड २५ लाख ९१ हजार भुक्तानी दिएको देखियो । उपभोक्ता समितिबाट भएका कामको गुणस्तर परीक्षण समेत भएको छैन । प्रतिस्पर्धात्मक तरिकाल बोलपत्रको माध्यमवाट निर्माण कार्य गराउँदा मितव्ययी र गुणस्तरीय निर्माण कार्य हुन जाने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| ४१. | **रकम अनुदान**:नगर कार्यपालिकाको २०७५।१२।१०को निणर्य अनुसार सुन्दर दुलारी उद्योग बाणिज्य संध लाई रु. १००००००। उपलव्ध गराएको देखियो ।व्यपारिक संस्थाबाट व्यापार प्रबर्धन गर्ने उदेश्यले संचालित औद्योगिक मेलाको लागि यसरि नगरपालिकाले विनियोजित वजेट तथा कार्यक्रम वेगर रकम उपलव्ध गराएको उचित देखिएन । | |
| | **विशेष अनुदान:** | |
| ४२. | यस कार्यक्रम अन्तर्गत यस बर्ष रु.४,५७,४४,०००।- निकासा भएकोमा रु.२,१२,७६,८४८ खर्च भई २,४४,६७,१५२।-रकम फिर्ता भएको छ ।आर्थिक बर्षको तेस्रो चौासिकमा ठेक्का व्यबस्था भएको कारण निर्माण कार्य सम्झौता अवधिमा सम्पन्न हुन नसकि रकम फिर्ता भएको छ । यस कार्यक्रम अन्तर्गत यस बर्ष ठेक्का व्यबस्था भएका ठेक्काको अबस्था निम्नानुसार रहेको छ । | |

| कामको नाम | लागत अनुमान | कबोल अंक | भूक्तानी रकम |
|---|---|---|---|
| कालिखोला संरक्षण, पानिमुहान संरक्षण | १३२७५२४४ | ८९२९७२९ | ५९४२१७८ |
| हसिना सिमसार पार्क | १८१९७१५४ | १२१२२३९८ | ५७८३२८३ |
| मिलिजुली परिवार बाटो, गौशाला सडक कालोपत्रे | १६५०४५९७ | १०६४४३२३ | ३६८९४२३ |
| **जम्मा** | | | **१५४१४८८४** |

| | | |
|---|---|---|
| ४३. | **म्याद थप:**सार्वजनिक खरिद नियमावली, सार्वजनिक निकायले २०६४ को नियम १२० अनुसार काबूबाहिरको परिस्थिति उपलब्धगराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेको वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि नवढाई नहुने भएमा निर्माण व्यसायीको निवेदनका आधारमा नियमको परिधिभित्र रहि निर्माण कार्यको म्याद थप गर्न सकिने व्यबस्था रहेको छ ।तर शुरु सम्भौताको ५० प्रतिशत भन्दा बढी म्याद थप गर्न नसकिने व्यबस्था भएकोमा कार्यालयले सो भन्दा बढी अवधिको म्याद थप गरेको देखियो । | |
| ४४. | ठेक्का नं २४/ २०७५।७६को हसिना सिमसार पार्कमा सिसि क्यामरा,सोलार लाईट, तथा अन्य निर्माण कार्यको लागि रु.१,८१,९७,१५३।७१ मु.अकर सहित वोलपत्र आह्वान भएकोमा सबैभन्दा घटी मा कवोल गर्ने जेनिसा निर्माण सेवा विर्तामोडको रु.१,२१,२२,३९८।५०को ठेक्का स्विकृत भई मिति २०७६।३।२० सम्ममा कार्य सम्पन्न गर्ने गरि मिति२०७६॥२।२६मा सम्झौता भएको थियो । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन । | |
| ४५. | ठेककामा प्रोभिजनल आईटम अन्तर्गत रु.१०००००/-को निर्माण कार्य तथा निर्माण व्यबसायीको मेशिन तथा कामदारहरुको विमा गर्ने आईटम अन्तर्गत रु. ३३,३८६/- मात्रको विल पेश गरि रु.१०००००/-भूक्तानी गरेको देखियो । विल भन्दा बढी भूक्तानी गर्ने व्यबस्था नभएको हुँदा उक्त रकम असुल हुनु पर्ने रु. | ६६६१४/- |
| ४६. | आर्थिक बर्षको अन्तमा निर्माण ठेक्का सम्झौता भई निमाण कार्य सम्पन्न गर्ने गरि सम्झौता भएको भएतापनि सम्झौता अवधिमा रु.५७८३२८२।- मात्रको कार्य सम्पन्न भएको छ । | |
| | **प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम:** | |
| ४७. | प्रदेश आर्थिक कार्यविधि ऐन २०७४को दफा १९ अनुसार प्रदेश संचितकोषबाट स्थानीय तहलाई प्रदान गर्ने समानीकरण अनुदान, शशर्त अनुदान, समपुरक अनुदान र बिशेष अनुदान रकमको हस्तान्तरण प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयबाट हुने व्यबस्था रहेको छ । सो वाहेक प्रदेश सरकारले स्थानीय निकायलाई अनुदान दिने व्यबस्था रहेको छैन ।तर आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०७६।२।१६को पत्रानुसार तपसिलका योजनाहरु कार्यान्वयन गर्ने भनिउल्लेख भएको पत्रानुसार निम्न योजनाको लागि उल्लेखित रकम खर्च गरेको देखियो ।वित्तिय हस्तान्तरण कार्यक्रम अन्तर्गत नगद रकम स्थानीय निकायमा हस्तान्तरण गर्ने उक्त रकमको कार्यक्रम वनाई नगरपालिकाले खर्च गर्नु पर्नेमा प्रदेश मन्त्रालयले योजना हस्तान्तरण गरेको नियमसम्मत देखिएन । | |

| कामको नाम | हस्तान्तरित रकम |
|---|---|
| चिरन स्मृति प्रतिष्ठान भौतिक पूर्वाधार निर्माण | १५००००० |
| शिक्षा निकेतन मा.वि. भवन निर्माण | १५००००० |
| जनता उच्च मा.वि भवन निर्माण | २०००००० |
| पचहत्तर विघे पूर्बपश्चिम सडक निर्माण कालोपत्रे | ७००००० |
| **जम्मा** | **५७०००००** |

| | | |
|---|---|---|
| | **तराई मदेश सम्वृद्धि कार्यक्रम** | |
| ४८. | राधेश्याम सेवा ट्रष्ट बृन्दावन गौशाला नदी नियन्त्रण कार्यक्रम अन्तर्गत रु. ५३,००,१४८।०२को लागत अनुमान गरि नगरपालिकाबाट रु.४८,००,०००। र उपभोक्ताबाट रु. ५,००,१४८।०२ व्यहोर्ने गरि सम्झौता भएको देखियो उक्त निर्माण कार्य सम्वन्धमा देखिएका व्यहेरा निम्नानुसार रहेको छन् । | |
| ४८. १ | सम्झौताको आईटम नं ७ अन्तर्गत टि.एम.टि. रेनफोर्समेण्ट वारको लागत अनुमान गर्दा दर बिश्लेषण अनुसार प्रति केजी १०९।०४ मूल्य अभिबृद्धिकर सहित भएकोमा रु.१२३।२२ ले लागत अनुमान गरि सम्झौता भएकोले १२०४.४९ के.जी काम भएको मूल्याङनका आधारमा रु.१६६३९।५७ बढी भूक्तानी भएकोले सम्वन्धित जिम्मेवार व्यक्तीबाट असुल हुनु पर्ने | १६६३९/- |
| ४८. २ | नगरपालिकाले संचालित निर्माण कार्य अन्तर्गतका योजनाबाट सौचालय माहा अभियान अन्तर्गत २ प्रतिशत रकम कट्टा गर्ने दोस्रो नगर सभाको निर्णय भएकोमा संघिय कार्यक्रम अन्तर्गतको यस निर्माण कार्यक्रमको सम्झौतामा समेत २ प्रतिशत कट्टा गरेको उक्त रकम संघिय संचित कोषमा | १०००००/- |

| | | |
|---|---|---|
| | दाखिला हुनु पर्ने रु. | |
| ४९. | नमुना चोक देखि चादनी चोक सम्म सडक कालो पत्रे गर्ने कामको लागि रु.६६,४३४९२।४४ गरि रु.५९७८०००। नगर पालिकाको तर्फबाट खर्च हुने गरि मिति २०७६।३।२५ सम्ममा कार्य सम्पन्न गर्ने गरि मिति २०७६।१।१३मा सम्झौता भएको देखियो । आर्थिक बर्षको अन्तसम्म पहिलो र दोस्रो विलको रकम रु.३२१९२४४।- मात्र नगरपालिकाबाट खर्च भएको र निर्माण कार्य अधुरो अवस्थामा रहेको र निर्माण कार्यको कार्य स्वीकार प्रतिवेदन समेत बनेको देखिएन । | |
| | **झोलुङ्गे पूल निर्माणः** | |
| ५०. | **मोविलाईजेशन पेश्कीः**आर्थिक कार्यविधि नियमावली २०६४को परिच्छेद ९ अनुसार आ.व.को अन्त्यसम्ममा वाकि रहेको मोविलाईजेश पेश्की  रकम असुल फछ्र्यौट गर्नुपर्ने रु | १८५९०००/- |
| ५१. | नगरपालिकाको प्रथम नगर सभाबाट निर्णय भए अनुसार आय आर्जन सहितको शौचालय निर्माण महाअभियान अन्तर्गत यस बर्ष रु.४१४१४५२।- रकम लागत अनुमानमा जोडी सोही रकमबाट शौचालको रु.२४६६९९३।-। भूक्तानी भई रु.१६७४४५९।- रकम संचित कोषमा दाखिला भएको देखियो । यस कार्यक्रम अन्तर्गत लागत अनुमानको रकममा २ प्रतिशत रकम प्रत्येक योजनामा कट्टा गरिएको देखियो । निर्माण कार्यको विलबाट कट्टा नहुने निर्माण व्यबसायी तथा उपभोक्ताको कुनै योगदान नहुने उक्त रकम लागत अनुमानको २ प्रतिशत कट्टा गर्नुको कूनै औचित्य देखिएन । सो को सट्टा सभाबाटनै वजेट व्यबस्था गरि उपभोक्ताको बढी भन्दा बढी सहभागिता हुने गरि कार्यक्रम संचालन हुनु पर्ने देखिन्छ । | |
| ५२. | **प्रहरिलाई थप सुबिधाः** नगरकार्यपालिकाको विभिन्न मितिको निर्णय अनुसार यस नगरपालिका अन्तर्गतका विभिन्न सुरक्षा निकाहरुलाई विभिन्न सुविधा उपलव्ध गराएकोदेखियो । हाल सम्म सुरक्षा निकायहरु संघिय वजेट तथा निति निर्देशन अन्तर्गत संचालित र  तिनको सेवा सुविधा संघिय कानून अनुसार दिने व्यबस्था रहेको छ । सो को अलावा नगरकार्यपालिकको विभिन्न मितिको निर्णय अनुसार निम्नानुसारका सुविधा उपलव्ध गराएको पाईयो । | |

| **नगरकार्यपालिकाको २०७५।६।१८को निर्णय अनुसारको सुविधा** | |
|---|---|
| **कार्यालयको नाम** | **विवरण** |
| विराटचोक प्रहरि कार्यालय | १ थान ४ चक्के सवारी साधन १ महिनाको लागि र १०० लिटर ईन्धन<br>मासिक ४० लिटर ईन्धन, चौमासिक रु.१०००० मर्मत खर्च |
| गछिया प्रहरि चौकी | १ थान ४ चक्के सवारी साधन १ महिनाको लागि र १०० लिटर ईन्धन<br>मासिक ४० लिटर ईन्धन र चौमासिक रु.१०००० मर्मत खर्च |
| ईलाका प्रहरि चौकी वेलबारी | बार्षिक सवारी साधन मर्मतका लागि १ लाख ५० हजार र मासिक  १०० लिटर ईन्धन |
| प्रहरी कार्यालय हरैचा | बार्षिक सवारी साधन मर्मतका लागि १ लाख र मासिक  ५० लिटर ईन्धन |
| ट्राफिक प्रहरि कार्यालय | मासिक ३० लि ईन्धन र चौमासिक मर्मत रु.७००० |
| शशस्त्र प्रहरि वल लक्ष्मीमार्ग | मासिक ५० लि ईन्धन र बार्षिक मर्मत रु.५०,००० |
| शशस्त्र प्रहरि वल सलकपुर | मासिक ५० लि ईन्धन र बार्षिक मर्मत रु.५०,००० |
| अन्यशान्ति सुरक्षाका लागि | ३,५०००० । |
| **नगरकार्यपालिकाको २०७५।१२।९ को निर्णय अनुसार** | |
| ट्राफिकप्रहरि कार्यालय विराटचोक को घरभाडा | मासिक ९००० घरभाडा |
| ट्राफिक प्रहरी कार्यालय हरैचा | बार्षिक घर भाडा ४००००।- |
| प्रहरि कार्यालय विराटचोक | प्रहरि विट निर्माण शौचालय निर्माण रु.१४१९६२। |

| | |
|---|---|
| प्रहरि चौकी हरैचा | कम्पाउण्डबाल निर्माण रु.५००००।- |
| प्रहरि चौकी गछिया र शशस्त्र प्रहरि वल सलकपुर | बार्षिक सवारी साधन मर्मत रु.१०००००। |
| प्रहरि चौकी गछिया | गोल घर निर्माण रु.७०००००।- |

**समानिकरण चालु तर्फ**

५३. **ग्रैह सरकारी संस्थाबाट कार्यक्रम/तालिम सञ्चालनः** सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९९ मा १० लाख रुपैयाँ भन्दा कम रकमको कार्य मौजुदा सूँची मा रहेका गैह्र सरकारी संस्थावाट सूचना प्रकाशन गरी सम्भव भए सम्म ६ वटा र कम्तिमा ३ वटा संग आर्थिक प्रस्ताव माग गरी कामको आवश्यकता, किसीम, समयावधि, गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लागत मूल्यांकन विधि अनुसार पारदर्शि रुपमा छनौट गर्नु पर्ने व्यवस्था छ । साथै लक्षित वर्गका कार्यक्रम संचालन गर्दा प्रत्येक कार्यक्रमका लागि कार्यक्रमसम्बन्धी पृष्ठभूमि र उद्देश्य, आधारभूत तथ्यांक तथा उपलब्ध गराउनुपर्ने भौतिक सुविधा वा उपकरणहरु सहितको कार्य क्षेत्रगत शर्त बनाई स्वीकृत नर्म्सअनुसार लागत अनुमान तयार गर्नु पर्दछ । नगरपालिकाले विभिन्न लक्षित समूह तथा वर्गको लागि विभिन्न कार्यक्रम तथा तालिम सञ्चालन गर्नको लागि छनौट भएको संघ संस्थाहरुको छनौट प्रकृया नियमावली बमोजिम पारदर्शि रहेको पाइएन । साथै विभिन्न कार्यक्रम तथा तालिम वडा कार्यालयले आफै कार्यदेश दिएको र सोझै संस्था छनौट गरेको पाइयो । अधिकांश कार्यक्रम तथा तालिममा खर्चको नर्म्स, लागत इस्टीमेट तयार नगरी तालिम सञ्चालन गरेको र सहभागीहरुको छनौटको मापदण्ड स्पष्ट नदेखिएकोले कार्यक्रमले अपेक्षा अनुरुप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन । यस्ता कार्यक्रम सञ्चालन गर्दा लक्षित वर्गको सहि पहिचान गरी सहभागी छनौट गर्ने, कार्यक्रम तर्जुमा गर्दा उद्यमशिलता विकास, रोजगारीको अवसर, स्थानीय स्रोत साधन र क्षमताको प्रयोगलाई विचार गरी योजनाहरुको छनौट गर्नु पर्दछ ।

| **भौ.नं.** | **सञ्चालन गर्ने** | **तालिम तथा कार्यक्रम** | **रकम रु.** |
|---|---|---|---|
| १४० | नेश्नल आई.टि. एण्ड लर्निङ्ग सेन्टर प्रा.लि. | शिक्षक सेवा आयोग कक्षा सञ्चालन | ४९४००० |
| २४७ | इष्ट नेपाल टेक्निकल कलेज | सि.सि.टि.भि.मर्मत तथा जडान तालिम | ४९२१०० |
| ३९२ | फरवर्ड मिडिया एण्ड रिर्सच सेन्टर प्रा.लि. | पत्रकारिता तालिम | ५०००० |
| ५०८ | पाथिभारा सिप विकास तालिम केन्द्र | पशुपालन तालिम | ९९५०० |
| ५१७ | मानव अधिकार संरक्षण मञ्च नेपाल | उद्घोषण तथा भाषण कला तालिम | ९९५०० |
| ५८७ | नेपाल पत्रकार मञ्च | सार्वजनिक परीक्षण कार्य | २९०००० |
| ७४७ | सेन्टर फर अक्वाकल्चर रिर्सच एण्ड प्रडक्सन | मत्सय पालन सम्बन्धि तालिम | ५९८०० |
| ८२७ | उर्लाबारी ब्रिटिश ल्याङ्गवेज एण्ड टेक्निकल इन्सचिट्युट प्रा.लि. | लोक सेवा तयारी कक्षा सञ्चालन | १९७००० |
| ८३० | वातावरण संरक्ष तथा सामाजिक रुपान्तरण समाज | धुँवा कम आउने सुधारिएको चुलो बनाउने तालिम | २९५००० |
| ८७८ | अनलाईन पत्रकार मञ्च | नागरिक सुनुवाई कार्यक्रम | १५०००० |
| ८९४ | इन्द्रपुर ड्राईभिङ्ग सेन्टर | ड्राईभिङ्ग तालिम | १९७००० |
| ९२९ | पूर्वाञ्चल सिप विकास प्रशिक्षण केन्द्र | हाउस वायरिङ्ग तालिम | १९८५०० |
| ९३३ | लुमा घरेलु अल्लो कपडा उद्योग | अल्लो कपडा बुनाई तालिम | १५०००० |
| ९३८ | ए.वि.सि.नन ओभन झोला उद्योग | ब्युटि पार्लर तालिम | १९८९०० |
| ९४० | मनोकांक्षा मेकअप स्टुडियो एण्ड ब्युटी क्लिनिक | हाउस वायरिङ्ग तालिम | १९८९०० |
| | **जम्मा** | | **३१७०२००** |

५४. **उपभोक्ता तथा संस्था मार्फत कार्यक्रमः** नगरपालिकाले लक्षित वर्गका कार्यक्रम संचालन गर्दा प्रत्येक कार्यक्रमका लागि कार्यक्रमसम्बन्धी पृष्ठभूमि र उद्देश्य, आधारभूत तथ्यांक तथा उपलब्ध गराउनुपर्ने भौतिक सुविधा वा उपकरणहरु सहितको कार्य क्षेत्रगत शर्त बनाई स्वीकृत नर्म्सअनुसार लागत अनुमान तयार गर्नु पर्दछ । नगरपालिकाले विभिन्न लक्षित समूह तथा वर्गको लागि विभिन्न

कार्यक्रम तथा तालिम सञ्चालन गर्नको लागि विभिन्न सामाजिक कार्य गर्ने गैह्र नाफामुलक संघ संस्थाहरुलाई सोझै छनौट गरेको पाइयो । साथै विभिन्न उपभोक्ता समिति तथा टोल विकास समिति समेत गठन गरी कार्यक्रमहरु गरेको पाइयो । अधिकांश कार्यक्रम तथा तालिममा खर्चको नर्म्स, लागत इस्टीमेट तयार नगरी तालिम सञ्चालन गरेको र सहभागीहरुको छनौटको मापदण्ड स्पष्ट नदेखिएकोले कार्यक्रमले अपेक्षा अनुरुप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन । छनौट भएका संस्थाले विभिन्न कार्यक्रम गर्दा आफ्नो बिजक समेत जारी गरेको पाइएन । यस्ता कार्यक्रम सञ्चालन गर्दा लक्षित वर्गको सहि पहिचान गरी सहभागी छनौट गर्ने, कार्यक्रम तर्जुमा गर्दा उद्यमशिलता विकास, रोजगारीको अवसर, स्थानीय स्रोत साधन र क्षमताको प्रयोगलाई विचार गरी योजनाहरुको छनौट गर्नु पर्दछ । साथै यस्तो तालिमहरु सञ्चालन गर्न सक्षम संस्था छनौट गरी संस्था छनौट प्रकृयालाई पारदर्शि बनाउने र विशेष शिप तथा क्षमता भएको कार्यक्रमविभिन्न समितिद्वारा सञ्चालन गर्न नदिने तर्फ नगरपालिकाको ध्यान जानुपर्दछ ।

| भौ.नं. | सञ्चालन गर्ने | तालिम तथा कार्यक्रम | रकम रु. |
|---|---|---|---|
| ७९ | नगर बाल सञ्जाल | बाल विवाह सम्बन्धी नाटक कला प्रतियोगिता | १००००० |
| ९३ | नेपाल आदिवासी जनजाती महासंघ | जनजाति दिवस तथा रक्तदान कार्यक्रम | ४५०००० |
| ९४ | जेष्ठ नागरिक समाज | जेष्ठ नागरिक दिवस तथा सम्मान कार्यक्रम | १५०००० |
| १४२ | श्री मंगल दिप टोल विकास संस्था | वृक्षारोपन कार्यक्रम | ६५००० |
| १८९ | विराट आर्दश साहित्यीक मञ्च | नाटक प्रदर्शन कार्यक्रम | ५०००० |
| २५२ | नगर बाल सञ्जाल | अभिमुखिकरण कार्यक्रम | ७०००० |
| ३४८ | माइति नेपाल नगर सञ्जाल | महिला हिंसा विरुद्धको अभियान | ५०००० |
| ५३३ | थारु महिला नगर सभा कार्य समिति | महिला अधिकार सचेतना कार्यक्रम | १२५००० |
| ५३७ | नेपाल साँस्कृतिक संघ मोरङ्ग कार्य समिति | नाटक प्रर्दशन कार्यक्रम | ५०००० |
| ५४८ | मकरस्थान मेला व्यवस्थापन समिति | मकर संक्रान्ती मेला सञ्चालन | ११५००० |
| ५८९ | नारी विकास संघ | क्रिस्टल माला र प्रस्तावना लेखन तालिम | ८९५५८ |
| ६०० | परोपकार महिला समुह | मेक अप आर्ट तालिम | २००००० |
| ६१५ | महिलाहरुको सिप विकास कार्यक्रम उ.स. | सिलाई कटाई तथा जडी मालापोते बनाउने तालिम | २००००० |
| ६३२ | नेपाल आदिवासी जनजाती महासंघ | जातिगत भेषभुषा निर्माण तथा वितरण कार्यक्रम | ५००००० |
| ६४३ | जेष्ठ नागरिक सम्मान तथा सन्तती उ.स. | जेष्ठ नागरिक सम्मान कार्यक्रम | ५०००० |
| ६५५ | खवास युवा समाज केन्द्रीय कार्य समिति | प्रस्तावना लेखन तालिम | ५०००० |
| ६५७ | जेष्ठ नागरिक सम्मान समिति | जेष्ठ नागरिक सम्मान कार्यक्रम | ५०००० |
| ६९३ | बाँसको हस्तकला सम्बन्धी तालिम उ.स. | बाँसको हस्तकला सामाग्री निर्माण तालिम | २००००० |
| ६९६ | जेष्ठ नागरिक समान तिर्थस्थल भ्रमण अवलोकन तथा सम्मान उ.स. | धार्मिक स्थल भ्रमण | ५०००० |
| ६९८ | महिला कार्यक्रम समन्वय उ.स. | सुर्केथैली, गुडिया, ह्याण्डब्याग कुसन बनाउने तालिम | २००००० |
| ७०२ | जेष्ठ नागरिक समाज | जेष्ठ नागरिक सम्मान कार्यक्रम | ५०००० |
| ७३२ | जेष्ठ नागरिक समाज | अवलोकन भ्रमण, जेष्ठ नागरिक सम्मान कार्यक्रम | ५०००० |
| ७५६ | जेष्ठ नागरिक समाज | धार्मिक तथा अवलोकन भ्रमण | १००००० |
| ७६४ | महिला सिप विकास तालिम उ.स. | आधारभुत सिलाई कटाई तालिम | २००००० |
| ७६९ | महिला तालिम उ.स. | कुसन, गुडिया, क्रिष्टल माला र परालको जुत्ता बनाउने तालिम | २००००० |
| ८०४ | एकल महिला नगर सञ्जाल | पशुपालन सम्बन्धि तालिम | ३५०००० |
| ८५४ | महिला सिप विकास तालिम उ.स. | सिलाई कटाई तथा उद्योषण तालिम | २००००० |
| ८५६ | महिला सिलाई कटाई आयमुलक तालिम उ.स. | सिलाई कटाई तालिम | १००००० |
| ८५७ | श्री कृष्ण प्रणामी सेवा समिति नेपाल | लागु पदार्थ र दुर्व्यसनी विरुद्धको अभियान | १००००० |
| ८५८ | महिला सिप विकास तालिम उ.स. | गुडिया बनाउने तालिम | १००००० |
| ८५९ | जेष्ठ नागरिक समाज | जेष्ठ नागरिक सम्मान कार्यक्रम | ५०००० |

| | | | |
|---|---|---|---|
| ८७१ | महिला तथा बालबालिका जागरण अभियान संस्था | स्यानिटेरी प्याड वितरण कार्यक्रम | ९९५०० |
| ८८८ | सुरक्षा सामाजिक उद्यमी महिला सहकारी संस्था लि. | बाखा बंगुर खरिद तथा वितरण | २००००० |
| ८८९ | महिला सिप विकास तालिम उ.स. | सिलाई कटाई तथा कुसन तालिम | २००००० |
| ९१५ | लक्षित महिला सिप विकास उ.स. | सिलाई कटाई तालिम | २००००० |
| ९१८ | उत्कृष्ट आमा समाज केन्द्र | घरेलु हिंसा विरुद्ध सचेतना कार्यक्रम | ५०००० |
| ९२७ | महिला उ.स. | सिलाई कटाई तालिम | २००००० |
| ९३० | पाथिभारा स्वतन्त्र महिला समाज | कानूनी साक्षरता सम्बन्धी अभिमुखिकरण | २३९६०० |
| ९३६ | महिला सिप विकास तालिम उ.स. | गुडिया कुसन बनाउने तालिम | २००००० |
| ९३७ | दिगो विकास प्रतिष्ठान नेपाल | ड्राईभिङ्ग तालिम | ४९४२०० |
| ९४४ | अपाङ्गता नगर समन्वय समिति | दिवा सेवा केन्द्र व्यवस्थापन कार्यक्रम | २००००० |
| ९६१ | जेष्ठ नागरिक समाज | तिर्थ अवलोकन भ्रमण कार्यक्रम | १५०००० |
| ९६३ | नागदेवी सेवा समिति | बाँसको सामान निर्माण सम्बन्धी तालिम | १५०००० |
| ९८९ | सुन्दर सामुदायिक सेवा सदन | शिक्षण सिकाई कार्यशाला गोष्ठी | ३५२००० |
| ९९० | सामुदायिक विद्यालय शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम समिति | शैक्षिक प्रतिवद्धता पत्र क्यालेण्डर पर्चा फ्लेक्स प्रिन्ट | ३०४३५० |
| | | **जम्मा** | **७३५४२०८** |

५५. **खेलकुद कार्यक्रमः** नगरपालिकाले खेलकुद कार्यक्रम तर्फ विनियोजित भएको बजेट मापदण्ड स्वीकृत नगरी विभिन्न व्यक्ति तथा समितिहरुलाई खेलकुद सामाग्री खरिद, विभिन्न खेलमा सहभागी भएबापत सहयोग, प्रोत्साहन भत्ता वितरण, प्रतियोगिता सञ्चालन आदि जस्ता कार्यक्रमहरुका लागि भुक्तानी भएको देखिएकोमा उक्त समितिहरुले खरिद गरेको सामाग्रीहरुको अभिलेख राखेको देखिएन । यस्ता समितिहरुलाई नगरपालिकाबाट प्रत्येक वर्ष पटक पटक भुक्तानी भएकोमा ति सामानको सदुउपयोग बारे नगरपालिकाले अनुगमन गर्नुपर्ने देखिन्छ । साथै नतिजामूलक कार्यमा खर्च गर्नुपर्ने बजेट वितरणमुखी कार्यमा खर्च गरेको उचित देखिएन । खेलकुद कार्यक्रम अन्तगर्त भुक्तानी भएको केही उदाहरणहरुः

| गो.भौ.नं. | संघ वा व्यक्तिको नाम | भुक्तानी |
|---|---|---|
| १३१ | ना.सु. रोहित निरौला प्रतियोगिता सञ्चालन | ५०००० |
| १५१ | डाँगीहाट युवा क्लब | ५०००० |
| २२३ | आरती युवा क्लब | १००००० |
| २२९ | सुकुना मा.वि. | ७०००० |
| ३३४ | सुन्दर खोर्साने युवा क्लब | ५०००० |
| ३६६ | सुन्दर खोर्साने युवा क्लब | ५१००० |
| ३८४ | जनता मा.वि. | ८०००० |
| ३८४ | सितेरियो कराटे डोजो | ४१००० |
| ३८६ | मदन भण्डारी स्पोर्टस एकेडमी | ५०००० |
| ४७५ | ना.सु. रमेश भट्टराई सामग्री खरिद | ५०००० |
| ६६७ | देवि प्रसाद खडका सामग्री खरिद | ५०००० |
| ६४८ | जनसहयोग युवा क्लब | ५०००० |
| ७७१ | युवा तथा खेलकुद विकास कार्यक्रम उ.स. | ५०००० |
| ८२२ | खेलकुद उ.स. | ५०००० |
| ८५५ | मृगौलिया खेलकुद उ.स. | ५०००० |
| ८७७ | ना.सु. सन्तोष अधिकारी सामग्री खरिद | ५०००० |
| ८९७ | श्री हरैचा स्पोर्टस क्लब | २५०००० |

| | | |
|---|---|---|
| ९०७ | खरिदार सन्तोष लुईटेल प्रतियोगिता सञ्चालन | १००००० |
| ९३१ | माउण्ट मकालु आवासिय उच्च मा.वि. | २१९६२८ |
| ९४५ | श्री जनता मा.वि. | ५०००० |
| ९५० | विराटचोक टेक्वान्डो डोजाङ्ग | ७१०७७ |
| १०१५ | खरिदार सन्तोष लुईटेल प्रतियोगिता सञ्चालन | ७५००० |
| | जम्मा | १६५७७०५.०० |

५६. **विभिन्न संघ संस्था सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४आर्थिक सहायता वितरण सम्वन्धमा उल्लेख गरेको छैन । नगरपालिकामा आर्थिक सहायता माग गर्नेले पेश गरेको निवेदनमा भएको तोक आदेश अनुसार विभिन्न कार्यक्रमबाट  संघ संस्थाहरुलाई आर्थिक सहायता वितरण गरेको पाइयो । नगरपालिकाले विभिन्न समितिलाई व्यवस्थापन खर्च , जेसिज जस्ता ग्रैह सरकारी तथा निजी संस्था तथा विभिन्न राजनैतिक समितिहरुलाई अधिवेशन, सम्मेलन जस्ताकार्यहरुको लागि खर्च उपलब्ध गराएको उचित देखिएन । नगरपालिकाले विकास निर्माणका लागि आएको सरकारी रकम खर्च गर्दा आवश्यकत्ता पहिचान गरी नतिजामूलक कार्यमा खर्च गर्नुपर्नेमा वितरणमुखी कार्यमा खर्च गरेको पाइयो । विभिन्न संघ संस्थालाई वितरण गरेको आर्थिक सहायताहरुको केही उदाहरण देहायअनुसार छनः

| **भौ.नं.** | **संस्थाको नाम** | **रकम रु.** |
|---|---|---|
| १०८ | भुल्के आमा समुह | २५००० |
| ११५ | झाँगर  उराँव कर्माधर्मा पुजा समिति | २५००० |
| १३० | जनसाँस्कृतिक महासंघ | २०००० |
| १३० | शुक्रबारे आमा समुह | २०००० |
| १३६ | थारु कल्याणकारीणी सभा नगर कार्य समिति | २५००० |
| १३९ | उद्यमी भजन समुह | २०००० |
| १५४ | जेष्ठ नागरिक समाज | २५००० |
| १५६ | इन्द्रपुर छैठ पुजा सेवा समिति | २५००० |
| १७२ | नवदुर्गा पुजा व्यवस्थापन समिति | २०००० |
| २२४ | बाँसबारी भजन मण्डली समुह | २०००० |
| २२५ | इन्द्रपुर नेवाः पुचः | ५०००० |
| २९० | अपाङ्गता नगर समन्वय समिति | २४६५० |
| २९१ | स्रष्ठा समाज | १९९९० |
| २९४ | औद्योगिक तथा अनुसन्धान भ्रमण समिति | २५००० |
| ३०१ | चाँदनी टोल विकास संस्था | २५००० |
| ३३३ | शिक्षा निकेतन मा.वि. | २५००० |
| ३४४ | सार्वजनिक दुर्गा पुजा समिति | ५०००० |
| ३७१ | दिवा सेवा केन्द्र सहयोग | ८१००० |
| ३७४ | गछिया  युवा प्रेरणा क्लब | २५००० |
| ३९३ | नेपाल खड्ग बौद्ध गुम्बा सेवा समिति | ३०००० |
| ३९४ | जेष्ठ नागरिक समाज | २०००० |
| ४०४ | जि.पि. कोइराला फाउण्डेशन | ५०००० |
| ४०८ | पाथिभारा कृतन मण्डली | २०००० |
| ४१२ | मंगल सत्संग समिति | ५०००० |
| ४३० | नेपाल नेत्रहिन संघ | २०९०० |

| | | |
|---|---|---|
| ४३९ | नेपाल विद्यार्थी संघ | २०००० |
| ४४० | रिन्देन छ्योलिङ्ग बौद्ध गुम्बा | ५१००० |
| ४९४ | स्वतन्त्र विद्यार्थी युनियन | ७०००० |
| ५१३ | नेपाल बहडी समाज जिल्ला कार्य समिति | २५००० |
| ५१४ | शंकर भोले भजन मण्डल समिति | ५०००० |
| ५२६ | आरोहण | ३५००० |
| ५८३ | युवा विकास केन्द्र | २०००० |
| ५८५ | श्री जित बाल विकास केन्द्र | ५०००० |
| ६०१ | नेपाल आदिवासी जनजाती महासंघ | ५०००० |
| ६०२ | पाथिभारा किर्तन मण्डली | १००००० |
| ६५६ | श्री दुर्गा माता मन्दिर | ३०००० |
| ६५८ | अष्टमी भजन मण्डली हरैचामोड | ५०००० |
| ६६९ | दलित युवा संगठन | २५००० |
| ६७२ | नगरस्तरिय सहकारी समन्वय समिति | २०००० |
| ६७६ | डाँगीहाट युवा क्लब | ५०००० |
| ६७९ | खोर्साने सामुदायिक विकास केन्द्र | ५०००० |
| ६९७ | नेपाल ब्युटिसियन संघ | २५००० |
| ७२३ | नेपाल किराँत कुलुङ भाषा संस्कृति उत्थान | २०००० |
| ७३८ | इन्द्रपुर समस्त भजन सञ्जाल समिति | १४५००० |
| ७४५ | श्री किस्ती जलाधार कृषि सहकारी संस्था लि. | २५००० |
| ८६५ | किरात राई यायोक्खा | ५०००० |
| ८९८ | नगर बाल सञ्जाल | २०००० |
| ९१४ | जेष्ठ नागरिक समाज | ३०००० |
| ९१७ | इन्द्रपुर जेसिज | १००००० |
| ९६५ | नेपाल पत्रकार महासंघ | २५००० |
| ९६७ | सुकुना मा.वि. | ३५००० |
| ९९३ | विराट साहित्य समाज | ५०००० |
| ९९५ | श्री माध्यमिक विद्यालय | ४०००० |
| ९९६ | मदन भण्डारी फाउण्डेशन | २५००० |
| ६७५ | श्री खोक्सी ग्रामथान | २५००० |
| | **जम्मा** | २०५२५४०.० |

५७. **डोजर इन्धन खर्चः** नगरपालिकाले यस वर्ष इन्धन खर्च शिर्षकमा रु. ३५,७४,७९५/- खर्च गरेको छ । उक्त इन्धन खर्चको लग बुक राखेको नपाइएकोले डोजरको इन्धन खपत तथा अन्य कार्यालयको इन्धन खपत छुट्टीएको पाइएन । डोजरको मर्मत तथा इन्धन बापत भएको खर्चबाट नगरपालिकाको आय आर्जन भएको देखिएन । कार्यालयको कार्यमा मात्र इन्धन खपत भएको भनी नगरपालिकाले जनाएता पनी कुन योजनामा के कती इन्धन खपत भएको हो सो प्रमाणित गर्ने नापी किताब पेश भएन । नगरपालिकाले डोजर प्रयोग गर्दा भएको इन्धन खर्चको लग बुक तथा खर्च प्रमाणित गर्ने नापी किताब राख्नु पर्दछ ।

५८. **बाखा वितरणः** ८०४-०७६।३८ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा रकम भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाचँ गरि विल भरपाई समेतको लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले एकता महिला समाजलाई बाखापालन तथा पशुपालन व्यवस्थापन तालिम

| | | |
|---|---|---|
| | सञ्चालन गरे बापत रु. ३,५०,०००/- भुक्तानी दिएको पाइयो । उक्त संस्थाले ६० वटा बोका रु. ४,९९८/- का दरले खरिद गरेकोमा ५० वटा बोका वितरणको मात्र भरपाई संलग्न गरेको पाइयो । बाँकी रहेको १० वटा बोकाको वितरणको प्रमाणित भरपाई पेश गर्नुपर्ने अन्यथा सो बोका खरिदको रकम रु. ४९,९८०/- असुल गर्नुपर्ने रु....... | ४९९८०/- |
| ५९. | **बहाल कर:** १०१६-०७६।३।३१आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा रकम भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाचँ गरि विल भरपाई समेतको लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले प्रा.स. कुमार राईको मत्स्य कार्यक्रमको पेश्की फछ्र्यौट गर्दा अक्सिजन प्याकेजिङ्ग बापत रु. ३०,०००/- तथा भाडा रकम रु. १२,०००/- समेत कुल रु. ४२,०००/- भुक्तानीमा १० प्रतिशतका दरले हुने बहाल कर रु. ४,२००/- कट्टी गरि दाखिला गर्नुपर्ने रु. | ४२००/- |
| ६०. | **भरपाई बेगर भुक्तानी:** १०१८-०७६।३।३१आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा रकम भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाचँ गरि विल भरपाई समेतको लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले श्री तिर्थराज घिमिरेको लक्षित वर्ग कार्यक्रम अन्तर्गत रु. १,५०,०००/- पेश्की फछ्र्यौट गरेकोमा ३ थान सिलाई कटाई मेसिन रु. ५७,२००/- मा खरिद गरी वितरण गरेको र बाँकी रकम ३१ जना विद्यार्थीहरुलाई रु. ३,०००/- का दरले कुल रु. ९३,०००/- छात्रवृत्ति वितरण गरेको पाइयो । उक्त वितरणको लागि छनौट के आधारमा भएको हो सो खुल्ने प्रमाण पेश भएको पाइएन । | |
| ६१. | **न्यायीक समिति बैठक:** गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ मा नगरपालिकाका पदाधिकारीले पाउने सुविधा सम्बन्धि उल्लेख छ । उक्त ऐन को दफा ६ मा न्यायिक समितिका सदस्यले महिनामा जति पटक बैठक बसे पनी मासिक दुई पटक बैठकको मात्र भत्ता संयोजकलाई रु. १,४०० का दरले तथा अन्य सदस्यलाई रु. १,२०० का दरले बैठक भत्ता पाउने व्यवस्था छ । नगरपालिकाले न्यायिक समिति को साउन देखि असार महिना सम्म विभिन्न मितिमा बसेको बैठक भत्ता भुक्तानी गर्दा देहाय अनुसार बढी संख्या तथा बढी दरमा भुक्तानी भएको पाययो । ऐन विपरित बढी संख्या तथा बढी दरले भुक्तानी भएको भत्ता रकम रु. १३१३२५/- असुल गर्नुपर्ने रु. | १३१३२५/- |

| क्र.स. | नाम | पद | संख्या | पाउने संख्या | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १ | श्री धनमाया तामाङ | संयोजक | ३८ | २४ | १९८९० |
| २ | श्री चैतन्य प्रसाद सिटौला | सदस्य | ३८ | २४ | २३९७० |
| ३ | श्री भक्तकिरण राई | सदस्य | ३८ | २४ | २३९७० |
| ४ | श्री युवराज ढुंगाना | सदस्य | ३८ | २४ | २३९७० |
| ६ | श्री राजेन्द्र भट्टराई | आमन्त्रित | १५ | -- | १९१२५ |
| ८ | श्री रामकाजी कार्की | आमन्त्रित | ११ | -- | १४०२५ |
| ११ | श्री पुन्यप्रसाद ढकाल | आमन्त्रित | ५ | -- | ६३७५ |
| | **जम्मा** | | | | **१३१३२५** |

| | | |
|---|---|---|
| ६२. | **महिला स्वयंसेविका सम्मानजनक बिदाई:** ९९८-०७६।३।२७ महिला स्वयंसेविकाहरुलाई दिर्घकालिन सेवाका लागि सम्मानजनक बिदाई कार्यक्रम स्वास्थ्य शर्सत कार्यक्रम तर्फ रहेकोमा नगरपालिकाले समानिकरण चालु शिर्षकबाट सोहि कार्यक्रमका लागि जनही रु. ५०,०००/- का दरले वितरण गर्ने निर्णय गरी ३ जना महिला स्वयंसेविकाहरुलाई रु. १,५०,०००/- वितरण गरेको पाइयो । | |
| ६३. | **बढी भुक्तानी:** ९४६-०७६।३।२७आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा रकम भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाचँ गरि विल भरपाई समेतको लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले दिना भद्रीका मन्दिर निर्माण उपभोक्ता समितिलाई मन्दिर निर्माण गरे बापत रु. १,४५,५०० /- भुक्तानी गरेको पाइयो । उक्त कार्यको कार्य सम्पन्न तथा उपभोक्ता विल अनुसार रु. १,१०,९९२।७८ रकमको मुल्याङकन पेश भएको छ । नगरपालिकाबाट जनश्रमदान तथा अन्य कर कट्टी गरी रु. ९७,०००/- मात्र भुक्तानी गर्नुपर्नेमा बढी भुक्तानी भएको रकम रु. ४८,५००/- असुल गर्नुपर्ने रु... | ४८५००/- |

६४. **नगर सभा सञ्चालनः** ८२०-०७६।३।९ गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ४ को अनुसूची २ मा नगर सभा संचालन भएको बैठक भत्ता बारे उल्लेख छ । उक्त व्यवस्था अनुसार नगरपालिका प्रमुखले रु. १५००/- उपप्रमुखले रु. १२००/- र सदस्यले रु. १०००/- का दरले भत्ता वितरण गर्नुपर्नेमा नगरपालिकाले चौथो नगर सभा सञ्चाल गर्दा ऐन मा व्यवस्था भएको भन्दा अतिरिक्त ६४ जना पदाधिकारीहरुलाई रु. १,०००/- का दरले दुई दिनको यातायात खर्च रकम भुक्तानी गरेको पाइयो । ऐनमा व्यवस्था नभएको यातायात खर्च बापत भुक्तानी भएको रकम रु. १,२८,०००/- असुल गर्नुपर्ने रु..... १२८०००/-

६५. **स्वास्थ्य संस्थाहरुलाई अनुदानः** नगरपालिकाले आफु अन्तर्गत रहेकास्वास्थ्य संस्थाहरुलाई सञ्चालन खर्च तथा ल्याब सेवा सञ्चालन अनुदान बापत रु. ३,४४,०००/- स्वास्थ्य संस्थाहरुको खातामा जम्मा गरेको पाइयो । उक्त अनुदान रकम खर्च गरेको कार्य प्रगति स्वास्थ्य संस्थाहरु द्धारा पेश गरेको पाइएन ।

| भौ.नं. | संस्थाको नाम | कार्य विवरण | अनुदान रकम |
|---|---|---|---|
| ३५५ | प्राथमिक स्वास्थ्य केन्द्र, हरैचा | सञ्चालन खर्च अनुदान | ४०००० |
| ३५५ | स्वास्थ्य चौकी, मृगौलिया | सञ्चालन खर्च अनुदान | ४०००० |
| ३५५ | स्वास्थ्य चौकी, दुलारी | सञ्चालन खर्च अनुदान | ४०००० |
| ३५५ | स्वास्थ्य चौकी, सुन्दरपुर | सञ्चालन खर्च अनुदान | ४०००० |
| ३५५ | स्वास्थ्य चौकी, इन्द्रपुर | सञ्चालन खर्च अनुदान | ४०००० |
| ३६९ | प्राथमिक स्वास्थ्य केन्द्र, हरैचा | ल्याब सेवा सञ्चालन अनुदान | ८४००० |
| ३६९ | स्वास्थ्य चौकी, दुलारी | ल्याब सेवा सञ्चालन अनुदान | ६०००० |
| | **जम्मा** | | **३४४०००** |

६६. **क्षमता विकास कार्यक्रमः** ३९१-०७५।१०।१५ नगरपालिकाले पदाधिकारी तथा कर्मचारी स्वयम विकास व्यवस्थापन तथा क्षमता विकास तालिम सञ्चालन गर्न रु. ४,९९,५३०/- खर्च लेखेकोमा कार्यालयले हिले कान्जीरोवा मकालु होटल प्रा.लि. को खाना खाजा, होटल वास, हल व्यवस्थापन बापतको विल रु. २,४७,४५६/- यातायात गाडी भाडा खर्च रु. ३३,०००/- व्यवस्थापन खर्चको विल पेश गरेको अलावा प्रशिक्षणको लागि बिकोडेक भन्ने गैह्र सरकारी संस्था सँग सम्झौता गरी रु. २,०४,५३०/- भुक्तानी गरेको पाइयो । उक्त सम्झौतामा हेन्डसआउट, प्रमुख सहजकर्ता, सहायक सहजकर्ता, पारिश्रमिक, प्रतिवेदन आदिको दर कार्यालय सञ्चालन निर्देशिका, २०७५ को तुलनामा अत्याधिक राखि खर्च गरेको नियमसम्मत देखिएन । नगरपालिकाले सरकारी रकम खर्च गर्दा मितव्ययी रुपमा खर्च गर्नुपर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । साथै उक्त सम्झौतामा सहजकर्ताको खाना र बासको व्यवस्थाको रु. १२,०००/- समेत खर्च उल्लेख छ । नगरपालिकाले होटलबास र खाना खर्च उक्त सहजकर्ताहरुलाई उपलब्ध गराएको अवस्थामा सो बापत उक्त संस्थालाई भुक्तानी भएको रकम रु. १३,५६०/- (मु.अ.कर समेत) असुल गर्नुपर्ने रु... १३५६०/-

६७. **चिलिङ्ग भ्याट अनुदानः** नगरपालिकाले पञ्चायन दुग्ध उप्पादक सहकारी संस्था लिमिटेडलाई ६० प्रतिशत अनुदानमा चिलिङ्ग भ्याट रु. ५,००,५९०/- मा खरिद गरी वितरण गरेको पाइयो । संघिय तथा प्रदेश मन्त्रालयद्वारा अनुदान प्रदान गरिने तथा नगरपालिकाद्वारा स्पष्ट मापदण्ड, कार्यविधि बेगर प्रदान गरिएको अनुदान दोहोरो हुन सक्ने सम्भावना देखियो । साथै अनुदान प्रदान गरेको उक्त चिलिङ्ग भ्याटको अनुगमन नगरपालिकाद्वारा गर्नु पर्ने देखिन्छ ।

६८. **पेश्कीः** आर्थिक वर्षको अन्त्य सम्म देहायका व्यक्तिहरुले पेश्की लिएको रकम फछ्र्यौट नभएकोले असुल फछ्र्यौट गर्नुपर्ने रु. ९४५८२/-

| सि.नं. | पेश्की लिएको मिति | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|
| १ | २०७५/६/१९ | दिनेश कार्की सवारी साधन मर्मत | ३५००० |
| २ | २०७५/९/१९ | रोहित निरौला पानी तथा बिजुली खर्च | ५००० |

| | | | |
|---|---|---|---|
| ३ | २०७५/९/२९ | विनोद बहादुर बस्नेत पदाधिकारी पारिश्रमिक | ५०००० |
| ४ | २०७५/१२/२७ | केशव प्रसाद तिम्सिना | ४५८२ |
| | | **जम्मा** | **९४५८२** |

६९. **भरपाई नपुगेको:** १०३९-०७६।३।३१आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा रकम भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाचँ गरि विल भरपाई समेतको लेखा राख्नुपर्ने व्यवस्था छ। नगरपालिकाले सि. अ. हे. ब. श्री भिम कुमार चौधरीको डेगुं रोग नियन्त्रण कार्यक्रम अन्तगर्त लिएको पेश्की रकम रु. ७,८८,८००/- फछ्र्यौट गर्दा रु. ६,६९,४००/- को विभिन्न कार्यक्रमको विल भरपाई पेश गरेको र रु. ८४,०००/- बैंक दाखिला गरेको पाइयो । बाँकी रकम रु. ३५,४००/- को विल भरपाई पेश नभएकोले असुल गर्नुपर्ने रु.... ३५४००/-

७०. **आर्थिक साहायता:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आर्थिक सहायता वितरण सम्वन्धमा उल्लेख भएको छैन । आर्थिक सहायता वितरण सम्वन्धमा मापदण्ड , सिमा र कार्यविधी कार्यपालिकाले नगर परिषदबाट पारित गरी लागु गरेको पनि देखिएन । नगरपालिकाले असाध्य रोग मुटु मृगौला क्यान्सर स्पाइनल इन्जुरी भएका विरामीहरुलाई रु. ५,०००/- का दरले तथा डेगुं रोगको विरामीहरुलाई रु. १५,०००/- का दरले यातायात खर्च तथा राहत अनुदान बापत कुल रु. ७,६५,०००/- रकम आर्थिक सहायता वितरण गरेको पाइयो । साथै आर्थिक सहायता माग गर्नेले पेश गरेको निवेदनमा नगर प्रमुखको तोक आदेश अनुसार रु. १,७५,०००/-सम्म आर्थिक सहायता वितरण गरेको पाइयो । यस अतिरिक्त विभिन्न वडाहरुद्धारा वडा सञ्चालन खर्च बाट समेत विभिन्न संघ संस्थालाई निवेदनको आधारमा सहायता वितरण गरेको पाइयो । आर्थिक सहायता वितरण गर्ने मापदण्ड, सिमा र कार्यविधी तयार गरी नियन्त्रित र व्यवस्थित तरिकाले आवश्यकत्ता अनुसार तोकिएको सीमा भित्र वितरण गर्ने तर्फ नगरपालिकाको ध्यान जानुपर्दछ । साथै विकास निर्माणका लागि आएको सरकारी रकमलाई नतिजामूलक कार्यमा खर्च गर्नुपर्नेमा वितरणमुखी कार्यमा खर्च गरेको उचित देखिएन ।

७१. **साक्षरता अभिमुखिकरण कार्यक्रम:** ९३०-०७६।३।२४आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३६ मा रकम भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाचँ गरि विल भरपाई समेतको लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले कानूनी साक्षरता सम्बन्धी ३ दिने अभिमुखिकरण कार्यक्रम सञ्चालन गरे बापत पाथिभारा स्वतन्त्र महिला सञ्जाललाई रु. २,३९,६००/- भुक्तानी गरेको पाइयो । उक्त कार्यक्रममा प्रशिक्षण गरे बापत श्री बाल कृष्ण आचार्यलाई रु. ३२,४००/- प्रशिक्षण भत्ता र रु. ३,०००/- यातायात खर्च समेत रु. ३५,४००/- भुक्तानी गरेकोमा प्रशिक्षकद्धारा कार्यपत्र समेत पेश गरेको पाइएन । कार्यसञ्चालन निर्देशिका विपरित बढी दरले प्रशिक्षकलाई प्रदान गरिएको भत्ता रकम नियमित नभएको रु...... ३५४००/-

७२. **परामर्श सेवा:** -सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ अनुसार सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा मात्र बाहिरी परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ। नगरपालिकावाट यस वर्ष योजनाहरुको विस्तृत सर्भेक्षण गराई रु. ६८,०४,१७४/- खर्च गरेको छ । कार्यालयका मौजुदा जनशक्तिबाट समय अभावको कारण डि.पि.आर को काम गर्न सम्भव नभएकोले बाह्य परामर्श सेवा लिई कार्य गराउन सकिने निर्णय भएको छ । सोही निर्णयको आधारमा देहायका योजनाको परामर्श सेवा लिई प्राप्त प्रतिवेदन जिन्सी दाखिला भएको छ । उक्त प्रतिवेदनहरु नगरसभा बाट अनुमोदन हुनुपर्ने देखियो ।

| **भौ.नं.** | **फर्मको नाम** | **विवरण** | **रकम** |
|---|---|---|---|
| ४ | अभ्युदय नेपाल प्रा.लि. | घरनक्शा फाइल डिजिटलाइजेसन तथा कोडिङ्ग कार्य | १८७०००० |
| ४६६ | वातावरण तथा प्राविधिक परामर्श नेपाल | आ.ई.ई. प्रतिवेदन तयार | ९९४४०० |
| ८९३ | डेभलप्मेन्ट क्याटालिस्ट कन्सलटेन्सी प्रा.लि. | प्रशासनिक दिग्दर्शन निर्माण | ४९७२०० |
| १००६ | नेपाल ग्रिनलिंक फाउण्डेशन प्रा.लि. | श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी,२०७५ र विपद सम्बन्धी खोज, उद्धार तथा राहत मापदण्ड तयार | ४८९२९० |
| १००७ | अभ्युदय नेपाल प्रा.लि. | कर तथा ग्रैह कर संकलन ऐन, ग्रैह सरकारी संस्था दर्ता सम्बन्धी ऐन, कृषि कार्यक्रम सञ्चालन कार्यविधी, | ४८५००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | स्वास्थ्य कार्यक्रम सञ्चालन कार्यविधी, संघ संस्था दर्ता तथा नविकरण कार्यविधी निर्माण | | |
| | १०१० | कोशी सगरमाथा कन्स्ट्रक्शन एण्ड इन्जिनियरिङ्ग कन्सेल्टेन्सी प्रा.लि. | गोठगाँउ-मृगौलिया-मजुवा-बेलडाँगी रोड डि.पि.आर | ४८९४८५ | |
| | १०११ | ए.एन.एम. कन्सलटेन्ट्स प्रा.लि. | हसिना सिमसार पार्क डि.पि.आर. | ९९००४९ | |
| | पूजिँगत तर्फ | | | | |
| | ६१६ | वेन्चमार्क कन्सलट्यान्ट | भुल्के धार्मिक प्रतिष्ठान | ९८८७५० | |
| | | **जम्मा** | | **६८०४१७४** | |
| ७३. | **हसिना सिमसार डि.पि.आर.:** १०११-०७६।३।३१ नगरपालिकाले हसिना सिमसार क्षेत्रको डि.पि.आर. गरे बापत ए.एन.एम. कन्सल्टेन्ट प्रा.लि. लाई रु. ९,९०,०४९/- भुक्तानी गरेको पाइयो । उक्त कार्यको लागत अनुमान तयार गर्दा Human resourcesअन्तगर्त Urban planner, Structural Engineer, Architecture Engineer, Civil Engineerको २ महिनाको पारिश्रमिक रु. ६,८५,८००/- उल्लेख गरी लागत अनुमान स्वीकृत गरिएको देखियो । उक्त कार्य गर्न २०७६।३।२९ सम्म सम्पन्न गर्ने गरी २०७६।२।२७ मा सम्झौता गरी कार्यदेश दिएको देखियो । लागत अनुमानमा दुई महिनामा गर्ने कार्य एक महिना भित्र सम्पन्न गरी सक्ने सम्झौता भएको र सो बमोजिम सम्पन्न गरेर भुक्तानी गरेको उचित नदेखिएको रु. | | | ३४२९००/- | |
| ७४. | साथै सम्झौता बमोजिम रु. ९,८३,१००/- भुक्तानी गर्नुपर्नेमा नगरपालिकाले उक्त फर्म लाई लागत अनुमान बराबरकै रकम रु. ९,९०,०४९/- भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम रु.६,९४९/- असुल गर्नुपर्ने रु.. | | | ६९४९/- | |
| ७५. | **बढी भुक्तानी:** १०१०-०७६।३।३१ आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३६ मा रकम भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाचँ गरि विल भरपाई समेतको लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले गोठगाँउ-मृगौलिया-मजुवा-बेलडाँगी रोड डि.पि.आर गरे बापत कोशी सगरमाथा कन्स्ट्रक्शन एण्ड इन्जिनियरिङ्ग कन्सेल्टेन्सी प्रा.लि. लाई रु. ४,९६,०७०/- भुक्तानी गरेकोमा उक्त फर्मले रु. ४,८९,४८५/- को विजक मात्र पेश गरेको पाइयो । पेश गरेको विजक भन्दा बढी भुक्तानी भएको रकम रु. ६,५८५/- असुल गर्नुपर्ने रु. | | | ६५८५/- | |
| ७६. | **कार्यक्रम खर्च:**नगरपालिकाले यस आर्थिक वर्ष कृषि, पशु, महिला, बालबालीका, अपाङ्ग कार्यक्रम तथा जेष्ठ नागरिकक्षेत्रमा वजेट विनियोजन गरी विभिन्न कार्यक्रम सञ्चालन गरेको पाइयो । नगर स्तरमा भएको विभिन्न कार्यक्रमहरु पुनः वडा तर्फ दोहरिने तथा गाँउपालिकाले सञ्चालन गर्ने कार्यक्रमहरु अत्याधिक मात्रामा वितरणमुखी कार्यक्रमहरु जस्तै तरकारी बिउ वितरण, मल वितरण, स्प्रेयर वितरण, घाँस वितरण, सम्मान कार्यक्रम, न्यानो कपडा वितरण आदि शर्सत तथा निर्शत रुपमा पटक पटक गरेको देखिएतापनी कृषि, पशु, महिला, बालबालीका तथा जेष्ठ नागरिकक्षेत्रमा उल्लेखनिय प्रतिफल ल्याएको अवस्था देखिन आएको छैन । साथै अभिमुखिकरण, अनुगमन, ढुवानी, गोष्ठी, सम्मान कार्यक्रम तथा तालिम कार्यक्रमहरु शर्सत तथा निर्शत रुपमा मासिक तथा वार्षिक रुपमा पटक पटक सञ्चालन गरिएको छ । नगरपालिकाले यस्ता पटके तथा वितरणमुखि खर्च नियन्त्रण गरी कार्यक्रम छनौट गर्दा यान्त्रिकरणमा जोड दिनुपर्ने र यस्ता क्षेत्रहरुमा सुधार ल्याउन दिर्घकालिन, उपलब्धीमुलक योजना बनाउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | | | | |
| ७७. | **पुर्ण सरसफाई कार्यक्रम:** ९३२-०७६।३।२४नगरपालिकाले पुर्ण सरसफाई कार्यक्रम संचालन अन्तर्गत सर्पोट ग्रुप फर सेल्टर लुमन्ती नाममा गैह्र सरकारी संस्थालाई विपन्न समुदायमा सौचालय निर्माण बापत रु.४,४४,८००।- भुक्तानी गरेकोमा उक्त संस्थाले भ्याट विल पेश गरेको पाइएन साथै उक्त संस्थाको छनौट प्रकृया सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ बमोजिम भएको पाइएन । उक्त कार्य गर्न पेश गरेको लागत अनुमान बमोजिम एउटा सौचालय निर्माण गर्न रु. १५,७४१.९१ लागत रहेको पाइयो । उक्त संस्थाले पेश गरेको खर्च विवरण अनुसार ११२ वटा सौचालय निर्माण भएको भनी उल्लेख भएको तर कार्यालयद्धारा उक्त कार्यको प्राविधिक नापजाँचको विल, कार्य सम्पन्न प्रतिवेदन पेश भएको देखिएन । | | | | |
| ७८. | **जेष्ठ नागरिक तिर्थ भ्रमण:** ६६५-०७६।२।६ आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३६ मा | | | ६०००/- | |

| | | |
|---|---|---|
| | रकम भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाचँ गरि विल भरपाई समेतको लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले जेष्ठ नागरिक तिर्थ अवलोकन भ्रमण समितिलाई गाडी भाडा बापत रु. ६०,०००/- भुक्तानी दिँदा नियमानुसार कट्टा गर्नुपर्ने भाडा कर रु. ६,०००/- कट्टी भएको नदेखिएकोले कट्टी गरी दाखिला गर्नुपर्ने रु. | |
| ७९. | **सुचना प्रसारणः** ९५२-०७६।३।२७ आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३६ मा रकम भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाचँ गरि विल भरपाई समेतको लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले गुँरास सञ्चार प्रा.लि. सँग सुचना सञ्चार कार्यक्रम उत्पादन तथा प्रशारण गर्न ११ भाग को रु. ९९,५००/- मा सम्झौता भएकोमा १० भाग मात्र उत्पादन र प्रशारण भएको देखिएको हुँदा १ भाग बापतको रकम रु. ४,६००/- असुल गर्नुपर्ने रु. | ४६००/- |
| ८०. | **मदरसा सिराजुल उलुम कार्य सम्पन्नः** ९६२-०७६।३।२७ नगरपालिकाले मदरसा सिराजुल उलुम उ.स. लाई मदरसाको अधुरोभवन छत ढलान कार्य तथा खेल मैदानमा इन्टरलक ब्लक विछ्याउने काम गरे बापत रु. २,४२,५००/- भुक्तानी गरेको छ । उक्त कार्य को लागत अनुमान रु. १८,१७,९८८.०२ रहेको पाइयो जस मध्ये रु. १४,००,००० /- प्रदेश सरकारबाट, रु. २,५०,०००/- नगरपालिकाबाट, र बाँकी रकम लागत सहभागीता उल्लेख भएको पाइयो । उक्त कार्यको कार्यालयले रु. २,६२,८९०.५२ को मुल्याङकन तथा नापी गरेको र बाँकी काम नभएको कार्यसम्पन्न प्रतिबेदन पेश गरेको छ। विभिन्न श्रोतबाट बजेट आएको लागत अनुमान तयार गरेर नगरपालिकाबाट प्रदान गरिने रकम बराबरमात्रको कार्य सम्पन्न बनाई भुक्तानी दिइएकोमा वास्तविक कार्य सम्पन्न भए नभएको अवस्था एकिन हुन सकेन । | |
| ८१. | **वैठक भत्ताः-** कार्यालयले वडा समितिको वैठक भत्ता वितरण गर्दा निम्नानुसारका भौचरवाट भएको भुक्तानीमा वैठकमा उपस्थीति वेगर वैठक भत्ता वितरण भएको देखिएकोले भुक्तानी रकम रु.२५५०। असुल गर्नुपर्ने रु. | २५५०/- |

| भौचर नं.मिति | भुक्तानी लिनेको नाम | कर पछिको रकम |
|---|---|---|
| १०३०/२०७६।३।३१ | व.स.दुर्गा चौधरी | ८५०.०० |
| १०३४/२०७६।३।३१ | म.व.स. तारा घिमिरे | ८५०.०० |
| १०३४/२०७६।३।३१ | द.म.व.स. रिता विश्वकर्मा | ८५०.०० |
| | **जम्मा** | **२५५०** |

| | | |
|---|---|---|
| | **स्वास्थ्यतर्फ** | |
| ८२. | **न्यानो झोलाः-**नेपालमा नवजात शिशुको मृत्युको प्रमुख कारण मध्ये संक्रमण र सिताङ्ग भएकोले सो रोकथामका लागि आ.व. ०७०।७१ देखि स्वास्थ्य संस्थामा प्रसुती गराउन आउने महिलालाई न्यानो झोला प्रदान गर्ने व्यवस्था निर्देशिकाले गरेको छ । स्वास्थ्य संस्थाले परिवार स्वास्थ्य महाशाखाले तोकेको स्पेसिफिकेशन अनुसारको न्यानो झोला स्थानीय स्तरमा उत्पादन वा न्यानो झोला उत्पादक/ वितरकवाट नेपाल सरकारको ऐन नियम अनुसार खरिद गरी सुत्केरी भए पश्चात नवजात शिशु तथा आमालाई न्यानो लुगा लगाउने व्यवस्था मिलाउनु पर्ने व्यवस्था निर्देशिकामा रहेको छ । कार्यालयले यस कार्यक्रममा रु. ९९९६८ खर्च गरेको छ । यो वर्ष खरिद गरेको सवै न्यानो झोलाखर्च देखाएको भएतापनी न्यानो झोला वितरणको भपाई पेश भएको छैन। निर्देशिकाले गरेको व्यवस्था बमोजिम स्वास्थ्य संस्थामा प्रसुती गराउन आउने महिलालाई न्यानो झोला प्रदान गर्ने व्यवस्था मिलाउने गरि रकम निकासा र खर्चको प्रक्रिया कार्यालयले मिलाउनु पर्दछ । | |
| ८३. | **सामाजिक परीक्षणः-(१४१/२०७६।३।८)** स्वास्थ्य संस्थाहरुको समाजिक परीक्षण कार्यक्रम अर्न्तगत नेपाल ग्रामिण स्वस्थ्य तथा विकासको लागि समाजिक कार्य नामक संस्था वाट सामाजिक परिक्षण गराएकोमा सम्वन्धित संस्थाले रु.१०००००।- को १५ प्रतिशतका दरले रु. १५०००। पारिश्रमिक कर कट्टा गर्नुपर्नेमा रु.३७६७- मात्र कर कट्टा गरेकोले नपुग रकम रु.११२३३।- दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु. | ११२३३/- |
| ८४. | **विल भपाई:-(१९२/२०७५।३।३१)** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले | |

| | | |
|---|---|---|
| | सि.अ.हे.व. भिमकुमार चौधरीको रु.४,२०,५००। पेश्की फछ्र्यौट देखाएकोमा सो संग सम्वन्धित विल भपाई पेश नभएकोले विल भपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ४२०५००/- |
| ८५. | **लैङ्गिकहिंसाः-(१८६/२०७५।३।३१)** लैङ्गिक हिंसा सम्वन्धि २ दिने तालिम नगरपालिका हल सुन्दरहरैचामा संचालन भएको कार्यक्रममा कार्यालयले निम्न लिखित व्यक्तीलाई गरेको भुक्तानी सम्वन्धमा एकिनहुन नसकिएको रु.८०००। असुल गर्नुपर्ने रु. | ८०००/- |

| सि.नं. | नाम | रकम |
|---|---|---|
| १ | नगर प्रमुख  शिव प्रसाद ढकाल | २०००.०० |
| २ | प्र.प्र.अ. गणेश प्रसाद दाहाल | २०००.०० |
| ३ | स्वा. सं उदेश कुमार श्रेष्ठ | २०००.०० |
| ४. | स्वा.सं भिम कुमार चौधरी | २०००.०० |
| | | **८०००.००** |

**शिक्षातर्फ**

| | | |
|---|---|---|
| ८६. | **नमुना विद्यालय-** कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ अनुसार जिल्लागत निर्वाचन क्षेत्रगत नमुना विद्यालय विकासका लागि सुकुना माविलाई रु १ करोड ५० लाख निकासा गरेको छ । नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान प्राप्त रकम विद्यालयले **विद्यालय भवन निमार्ण, ICT LAB,विज्ञान प्रयोगशाला पुस्तकालय व्यवस्थापन तथा थप शिक्षक व्यवस्थापनका** लागि उपयोग गर्न सक्ने भनी उल्लेख छ । विद्यालयले भौतिक निर्माण कार्य गर्दा खरिद दिग्दर्शन सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम खरिद गर्नुपर्ने उल्लेख छ । निकासा भएको रकम वाट सुकुना माविले निम्नानुसार ६ वटा निर्माण कार्य गरेकोमा सार्वजनिक खरिद ऐन वमोजिम वोलपत्र  आह्वान नगरी कार्यलाई टुक्रा पारी उपभोक्ता समिति मार्फत कार्य गरेको देखिएकोले अनियमित देखिएको छ । | |

| सि.नं. | निर्माण कार्य | रकम |
|---|---|---|
| १ | Construction of civil work | ८०७९७८७.३४ |
| २ | Construction of school administration block | २९२६८५३.६२ |
| ३ | Construction of e–library block | ६६५२८१.२९ |
| ४ | Construction of compound wall | १२४४७५५.४१ |
| ५ | Construction of canteen block | १०७८३९७.८ |
| ६ | Construction of toilet block | १३७१२०६.१२ |
| | **जम्मा** | **१५३६६२८१.५८** |

| | | |
|---|---|---|
| ८७. | **वैकल्पिक विद्यालयः**- कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ अनुसार अनौपचारीक पौढ विद्यालय का लागि अनुदान स्थानिय तहमा अनौपचारीक पौढका लागि संचालित अनौपचारिक वा वैकल्पिक विद्यालयको विवरण स्थापना मिति, संचालित कक्षा, विद्यार्थी संख्या र संचालनको अवस्था एकिन भएपछि मात्र सहजकर्ताहरुको पारिश्रमिक तथा शिक्षण सिकाइका लागि आवश्यक जनशक्तिका लागि प्रति सहजकर्ता पारिश्रमिकका लागि कार्यक्रममा व्यवस्था भए अनुसार अनौपचारिक पौढ विद्यालय संचालन निर्देशिका वमोजिम नियुक्त सहजकर्ताको लागि पारिश्रमिक उपलव्ध गराउने गरी रकम स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रति विद्यालय ५ लाख ५४ हजार विद्यालयको खातामा निकासा दिने । स्थानिय तहद्धारा सामुदायिक रुपमा संचालन गर्न अनुमति पाएका पौंढकक्षा लागि संचालित अनौपचारिक वा वैकलिपक विद्यालयहरुको विद्यार्थी विवरण **flash report** मा समावेश गर्ने । न्यूनतम विद्यार्थी संख्या नपुगेका विद्यालयलाई वन्द गराउने र विद्यालयलाई अनुदान निकासा गर्नुभन्दा पहिले नै शिक्षा अधिकृतवाट स्थलगत निरीक्षण गरी तोकिएवमोजिमको विद्यार्थी संख्या नियमित रुपमा अध्ययनरत भएमा मात्र निकासा दिने भनी उल्लेख भएकोमा **सुकुना मावि इन्द्रपुरमा** लेखापरीक्षणको क्रममा २०७६।१०।१ निरीक्षणमा जादा पौढ विद्यार्थी संख्या नरहेको भनी प्रधानाध्यापकले जानकारी गराएकोले यस शिर्षकमा निकासा भएको रु. ५,५४,०००।- असुल गर्नुपर्ने रु. | ५५४०००/- |

| | | |
|---|---|---|
| ८८. | **वैकल्पिक विद्यालयः-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ अनुसार अनौपचारीक पौढ विद्यालय का लागि अनुदान स्थानिय तहमा अनौपचारीक पौढका लागि संचालित अनौपचारिक वा वैकल्पिक द्यिालयको विवरण स्थापना मिति, संचालित कक्षा, विद्यार्थी संख्या र संचालनको अवस्था एकिन भएपछि मात्र सहजकर्ताहरुको पारिश्रमिक तथा शिक्षण सिकाइका लागि आवश्यक जनशक्तिका लागि प्रति सहजकर्ता पारिश्रमिकका लागि कार्यक्रममा व्यवस्था भए अनुसार अनौपचारिक पौढ विद्यालय संचालन निर्देशिका वमोजिम नियुक्त सहजकर्ताको लागि पारिश्रमिक उपलव्ध गराउने गरी रकम स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रति विद्यालय ५ लाख ५४ हजार विद्यालयको खातामा निकासा दिने । स्थानिय तहद्धारा सामुदायिक रुपमा संचालन गर्न अनुमति पाएका पौंढका लागि संचालित अनौपचारिक वा वैकलिपक विद्यालयहरुको विद्यार्थी विवरण **flash report** मा समावेश गर्ने । न्यूनतम विद्यार्थी संख्या नपुगेका विद्यालयलाई वन्द गराउने र विद्यालयलाई अनुदान निकासा गर्नुभन्दा पहिले नै शिक्षा अधिकृतवाट स्थलगत निरीक्षण गरी तोकिएवमोजिमको विद्यार्थी संख्या नियमित रुपमा अध्यनरत भएमा मात्र निकासा दिने भनी उल्लेख भएकोमा **श्री मावि सुन्दर हरैचा २** मा **flash report** मा पौढ विद्यार्थी संख्या उल्लेख गरेको छैन । साथै सुन्दर हरैचा नगरपालिकाले आफ्नो नगरक्षेत्र पुर्ण साक्षर समेत घोषण गरेको छ । पूर्ण साक्षर क्षेत्रमा पौढ कक्षा संचालन भनी निकासा भएको रकम औचित्यपूर्ण देखिदैन । साथै निकासा गर्दा विद्यार्थीको प्रमाणित हाजिर समेत नरहेकोकोले उक्त विद्यालयमा पौढ विद्यार्थी अध्ययनरत छन् भन्ने विषयमा एकिन गर्न सकिएन कार्यालयले निरीक्षण गरी विद्यार्थी भएनभएको एकिन गरी विद्यार्थी विवरण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. ५,५४,०००। असुल गर्नुपर्ने रु. | ५५४०००/- |
| ८९. | **कार्य सम्पन्न प्रतिवेदन-** सार्वजनिक खरिद ऐन, २०६४अनुसार निर्माण कार्य सम्पन्न भैसकेपछि प्राविधिक पुष्ट्याई सहितको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ ।भौतिक निर्माण सुधार तर्फ विद्यालय क्षेत्र सुधार कार्यकमतर्फ निम्न विद्यालयलाई भुक्तानी भएको कार्यको कार्य सम्पन्न भएको छैन । तोकिएको समय भित्रै निर्माण सम्पन्न गर्नेगरी कार्यालयले उक्त कार्यको अनुगमन गर्नु पर्दछ । उक्त निर्माण कार्यको नापि किताव र निर्माण सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. | ३६०००००/- |

| भौ.नं. मिति | विद्यालयको नाम | निर्माण कार्य | रकम |
|---|---|---|---|
| १८३/०७६।३।३१ | हिमालय आ.वि. | रेट्रो | ३६०००००.०० |
| **जम्मा** | | | **३६०००००.००** |

| | | |
|---|---|---|
| ९०. | **धरौटी रकमः- (१७१/२०७६।३।२७)** नगरपालिकाले श्रीखण्ड माविमा जनश्रमदानको रकम घटेको भनी रु. २८२५७७। कट्टा गरी धरौटीमा जम्मा गरेको रकम संघिय संचित कोषमा फिर्ता गर्नुपर्ने रु. | २८२५७७/- |
| ९१. | **निशुल्क पाठ्यपुस्तकः-(१/०७३-६-१८)**कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५।०७६ मा प्रति बिद्यार्थी लागतको आधारमा कक्षा १-१० सम्म आधारभुत बिद्यार्थीका लागि निशुल्क पाठयपुस्तक उपलब्ध गराउने सम्भावित विद्यालयबाट कक्षागत बिद्यार्थीहरुको यथार्थ तथ्यांक संकलन गरि एकिन संख्याको आधारमा दोस्रो चौमासिक भित्र पहिलो पटक निकासा गर्दा बिद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र निकासा दिने र बाँकी २५ प्रतिशत बिद्यार्थी भर्ना भएको विवरण पाठय पुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा नपुग हुने रकम मात्र थप निकासा दिने व्यवस्था उल्लेख छ । कार्यालयले मिति २०७६।१।५ मा पाठ्य पुस्तक ७५ प्रतिशतले हुने रकम रु ३११५७५८। निकासा गर्दा निम्नुसारका कक्षामा **EMIS** मा उल्लेखित संख्या भन्दा वढी संख्यालाई निकासा भएको रकम असुल गर्नुपर्ने रु. | २६२७०५/- |

| कक्षा | निकासा भएको विद्यार्थी संख्या | निकासा हुनुपर्ने संख्या | पा.पु.दर | वढीभुक्तानी रकम |
|---|---|---|---|---|
| १ | १०५८ | ९०३ | २३८ | ३६८९०.०० |
| २ | ८२४ | ७५९ | २३४ | १५२१०.०० |
| १० | १३५७ | ९९२ | ५७७ | २१०६०५.०० |
| **जम्मा** | | | | **२६२७०५.००** |

| | | |
|---|---|---|
| ९२. | **शिक्षण सिकाई सहयोग अनुदान :-(१७५/०७६-३-२७)**कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ र शिक्षा तथा मानवश्रोत विकास केन्द्र सानोठिमि भक्तपुरको च.नं. १३३ मिति २०७६।३।२७ को पत्रानुसार २०७६ शैक्षिक सत्र को लागि माध्यमिक तह अनुमति पाएका तर दरवन्दी स्वीकृत नभएका विद्यालयका लागि सो तहका लागि न्यूनतम १ शिक्षक व्यवस्था हुने गरी प्रति विद्यालय रु ३६६०००।- को दरले रु.२१९६०००।- अंग्रेजी, गणित र विज्ञान विषयका शिक्षक नियुक्तिका लागी रकम निकासा भएको देखिन्छ । कार्यालयले निम्नानुसारका विद्यालयहरुलाई निकासा गरेको रकमको शिक्षक नियुक्ति पत्र पेश भएको नदेखिएकोले नियुक्ती पत्र पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रकम रु. | २१९६०००/- |

| सि.नं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | श्रीखण्ड मा.वि. सुन्दरहरैचा ३ | ७३२०००.०० |
| २ | जनता मा.वि. सुन्दरहरैचा ९ | ७३२०००.०० |
| ३ | जनता मा.वि. सुन्दरहरैचा ३ | ७३२०००.०० |
| **जम्मा** | | **२१९६०००.००** |

| | | |
|---|---|---|
| | **स्थानीय पुर्वाधार विकास साझेदारी** | |
| ९३. | **उपभोक्ता समितिः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा १ करोड रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्वन्धी सेवा सोही स्थानमा वसोबास गर्ने वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन सकिने व्यवस्था गरेको छ । कार्यालयले जागृति मार्ग कालोपत्रे उपभोक्ता समिति सुन्दरहरैचा ५ लाई १,००,३५,०३६।६३ लागत अनुमान भएको योजना उपभोक्ता समिति मार्फत भएको कार्य ऐन विपरित देखिएकोले अनियमित देखिएको रु. | १००३५०३६/- |
| | **मर्मत कोष** | |
| ९४. | **वढी भुक्तानीः-** कार्यालयले निम्नानुसार योजनामा इष्टिमेट अनुसार भुक्तानी गर्नुपर्ने भन्दा वढी रकम भुक्तानी भएको देखिएकोले असुल गर्नुपर्ने रु | १८०००/- |

| भौ.नं.मिति | योजनाको नाम | भुक्तानी हुनुपर्ने रकम | भुक्तानी रकम | वढी रकम |
|---|---|---|---|---|
| २१/२०७६।३।५ | तुलसा चौक दक्षिण सडक | ४३८९५१.०० | ४४८९५१.०० | १००००.०० |
| २२/२०७६।३।५ | राधाकृष्ण मार्ग एजिङ्ग | ३६७१२४.०० | ३७५१२४.०० | ८०००.०० |
| | **जम्मा** | | | **१८०००.००** |

| | | |
|---|---|---|
| ९५. | **कर्मचारी कल्याण कोषः-** आयकर ऐन, २०५८ अनुसार भुत्तानीमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । अवकाश प्राप्त कर्मचारी कार्यालय सहयोगी इन्द्र वहादुर गुरुङ्ग र लेखापाल गोपाल प्रसाद ढुङ्गेललाई अवकाश पछिको सेवा सुविधा भुक्तानी गर्दा कट्टी भएको कर रकम रु.२१२९३५। दाखिला भएको नदेखिएकोले दाखिला प्रमाण पेश गर्नुपर्ने रु. | २१२९३५/- |
| | **राजश्व तथा आन्तरिक आम्दानी तर्फ** | |
| ९६. | **राजस्वको लेखाङ्कन-** आर्थिक कार्यविधि नियमावली २०६४ को परिच्छेद ३ मा राजस्व दाखिला र राजस्व लेखा सम्बन्धि व्यवस्था रहेको छ । नियम ९ मा राजस्व आर्जन गर्ने कार्यालयले करदाता वा सेवाग्राही बाट सोझै बैकमा जम्मा भई प्राप्त हुन आएको बैक भौचर र कार्यालयले नगद संकलन गरी बैक दाखिला गरेको बैक भौचर समेतको सम्बन्धित खातामा प्रविष्टि गरी श्रेस्ता राख्नुपर्नेछ । बेरुजु रकम नगद असुल भएमा बेरुजु कायम भएको कार्यालयको राजस्व खातामा जम्मा गर्नुपर्नेछ । त्यसरी जम्मा गरिएको बैक भौचर संलग्न गरी सम्बन्धित कार्यालयले गोश्वरा भौचर उठाई त्यस्तो रकमको आम्दानी जनाई लेखा राख्नुपर्ने व्यवस्थो छ । कार्यालयले यो वर्ष राजस्व तर्फ गोश्वरा भौचर उठाई बैक नगदी किताब तयार गरेको छैन, लेखा राखेको छैन । कार्यालयले नियममा भएको व्यवस्थाको पालना गरी राजस्वको लेखा राख्नु पर्दछ । | |
| ९७. | सुन्दर हरैचा अन्तर्गत भएका खदम,गछीया र बुढीखोलाबाट ढुङगा वालुवा ,गिट्टी ग्राभेल माटो आदिको खोलाजन्य सामानको विकी न्युनतम विकी मूल्य रु.१,५०,९०,४८२।- र उक्त सामानको | |

स्थानीय निकासी कर को लागी रु.४९,३८,७०३।- कायम गरि नागरिक दैनिकको मिति २०७५।५।११को ३० दिने सुचना अनुसार ई विडिङ समेतबाट वोलपत्र आह्वान गरेकोमा ११ वटा फर्मबाट वोलपत्र प्रस्ताव पेश गरेका थिए । नदी जन्य सामग्री विकीको लागि सबैभन्दा बढी कवोल गर्ने स्वामिनारायण निर्माण सेवा र स्थानीय निकासी सेवा करको लागि वलिया कन्ष्ट्रक्सनको सबैभन्दा बढीको कमशः रु.५,५५५५५५५।५५को र रु.३३३३३३३।००को ठेक्का स्विकृत गरि सम्झौताका लागि पत्राचार गरेकोमा सबै भन्दा बढी उल्लेख गर्ने उक्त फर्महरुले काम गर्न ईन्कार गरि निबेदन दिएको आधारमा दोस्रो घटीवाला विसार बेल्हि रियलस्टेट प्रा.लिको रु.४२०००००।-श्री विनिता श्री टेडर्स एण्ड सप्लायर्स प्रा. लि संग २०७५।६।२६मा ठेक्का सम्झौता गरेको देखियो देखियो । पहिलो वालाले समभौता गर्न इन्कार गरे पछि निजको ५ प्रतिशत धरौटी जफत गरि दोस्रो घटीवाला संग सम्झौता गरेको पाईयो ।

| कामको नाम | सबैभन्दा बढी कबोल गर्ने | दोस्रो घटीवाला फर्म | फरक रकम |
|---|---|---|---|
| खोलाजन्य सामग्रीको विकी | ५५५५५५५६ | ४२०००००० | १३५५५५५५ |
| खोलाजन्य सामग्रीको निकासी | ३३३३३३३३ | २११५०००० | १२१८३३३३ |
| **जम्मा** | **८८८८८८८९** | **६३१५००००** | **२५७३८८८८** |

९८. **कालोसूचीः** सार्बजनिक खरिद ऐन २०६३को दफा ६३ अनुसार वोलपत्रदाता परामर्शदाताले ऐन को दफा २७ वा ३८ अनुसार स्विकृतिको लागि छनौट भएको वोलपत्रदाता वा प्रस्तावदाता खरिद सम्झौता गर्न नआएमा निजको कार्यको गाम्भिर्यताको आधारमा सार्बजनिक खरिद अनुगमन कार्यालयले १ बर्ष देखि ३ बर्ष सम्म कालोसूचीमा राख्न सक्ने व्यबस्था रहेको छ। उपरोक्त दुई फर्महरुले मिलोमतोगरि कार्यालयलाई प्राप्त हुने आम्दानी को ठूलो हिस्सा गुम्न गएको देखिएकोले उक्त फर्महरुलाई कालो सूँचीमा राख्नु पर्नेमा सो सम्वन्धि कुनै कारवाही गरेको देखिएन ।

९९. ठेक्का कबोल गर्ने ठेकेदारले कार्यालयबाट प्रमाणित गरि रसिद प्रयोग गर्नु पर्ने व्यबस्था रहेको छ। वातावरणीय प्रतिबेदनले उल्लेख गरेको घन मिटर नदिजन्य सामग्री निकाल्न पाईने भनि सम्झौतामा उल्लेख भएकोमा उक्त परिमाणात्मक वन्देज बमोजिम ठेकेदारले काम गर्यो गरेन सो को अभिलेख कार्यालयले राखेको देखिएन ।

१००. ठेक्का सम्झौता अनुसार कुल कवोल अंकको १३ प्रतिशत मूल्य अभिबृद्धि कर दाखिला गर्नु पर्नेमा उक्त रकम दखिला गरेको प्रमाण पेश हुनु पर्ने रु.

| फर्मको नाम | सम्झौता रकम | मूल्य अभिबृद्धिकर रकम |
|---|---|---|
| वेल्ही रियल स्टेट | ३८२८३१८६ | ४४०४२६० |
| विनिता श्री टेडर्स एण्ड सप्लायर्स | १६८४५१३४ | २४३३१८४ |
| जम्मा | | ६८३७४४४ |

६८३७४४४/-

१०१. **मूल्य अभिबृद्धिकर** :आयठेक्का अन्तर्गत यस बर्ष भएका ठेक्का सम्झौता अन्तर्गत निम्न हाटवजार ठेककामा मूल्य अभिबृद्धिकर सहित ठेक्का व्यबस्था भएकोमा उक्त रकम कार्यालयले असुल गरेकोमा मूल्य अभिबृद्धिकर रकम कर कार्यालयमा दाखिला भएको नदेखिएकोले असुल हुनुपर्ने रु. १०९९८७५/-

| **ठेक्काको विवरण** | **कवोल अंक मु.अ.कर सहित** | **असुल रकम** | **मुल्य अभिबृद्धिकर रकम** |
|---|---|---|---|
| बुधबारे हाट वजार | ७०७००० | ६४४४३४ | ८१३३६ |
| गाठगाँउ मंगलबारे हाट | १६२००० | १४७६६४ | १८६३७ |
| गछिया वजार | ६०७५०० | ४८८६१५ | ६९८९० |
| वेलेपुर साप्ताहिक हाट | ६३००० | ५७४२५ | ७२४८ |
| आईतवारे पशुहाट | ३३१००० | ३०१७१० | ३८०८० |
| हरैचावजार | ३०३००० | २७३४५२ | ३४५१३ |
| सडक उपयोग दस्तुर | ६११५१०० | ५२००३२० | ७०३५०८ |
| खुर्सानी वजार हटिया | २५११५१ | २२८९२६ | २८८९३ |

| | | | | |
|---|---|---|---|---|
| | सलकपुर हटिया | ३३७६०१ | २८५००० | ३८८३९ |
| | मृगौलिया वजार | ३३१००० | ३०१७०८ | ३८०७९ |
| | भैसिगोठ हटिया वजार | ३५५१०० | ३२३६९४ | ४०८५२ |
| | **जम्मा** | **९५६३४५२** | **८२५२९४८** | **१०९९८७५** |

| | | |
|---|---|---|
| १०२. | **सडक दस्तुर कर:** नगरपालिका अन्तर्गत सडक उपयोग दस्तुर असुल गर्ने प्रयोजका लागि २०७५।३।१२को न्यु सृष्टि दैनिकको सुचना अनुसार २२ बटा व्यक्ती तथा फर्मले वोलपत्र फारम खरिद गरि बोल पत्र दाखिला गरेको देखियो । बोलपत्र पेश भएका मध्ये सबैभन्दा बढी दर रु.७५०१०००।- उल्लेख गर्ने नगेन्द्र प्रसाद दाहालको वोलपत्र स्विकृत गरि ठेकका सम्झौताको लागि पत्राचार गरेकोमा उक्त व्यक्तीले काम गर्न नसक्ने जानकारी दिएको आधारमा दोस्रो घटीवाला रु.६१,१५,१००।- कवोल गर्ने श्री लेखु प्रसाद ढकालको ठेक्का स्विकृत गरि २०७५।४।२९मा ठेक्का सम्झौता गरेको देखियो । पहिला र दोस्रो बोलपत्रादाता विचमा रु.१३८५९०।- फरक भएकोले आपसमा मिलो मतोगरि ठेक्का सम्झौता गरेको देखियो । | |
| | **शशर्त अनुदान तर्फः संघीय सरकार** | |
| १०३. | **कृषक पाठशाला:-** कार्यालयले कृषक पाठशाला संचालन सम्वन्धि प्रा.स. बिमला राईलाई दिएको पेश्की रकम रु १०००००।- पे.फ. गर्दा उक्त कार्यक्रममा प्रा.स. मन कुमार राई एघार वटा प्रवचन कक्षा संचालन गरेको रु.७००। का जम्मा रु.७७००।- र प्रा.स. विमला राई १२ वटा कक्षा संचालन गरेको रु.७००।- का दरले जम्मा रु.८४००।- भुक्तानी गनुपर्नेमा कार्यालयले क्रमश: रु.१४९६०।- र १६३२०।- भुक्तानी भएकोले वढी भुक्तानी रु.१५१८०।- असुल गर्नुपर्ने रु. | १५१८०/- |
| १०४. | **विल विजक:- (१२९/२०७६।३।१)** कार्यालयले सि.अ.हे.व. श्री भिमकुमार चौधरी लाई विद्युत महसुल भुक्तानी वापत रु ८५२८१।- भुक्तानी दिएकोमा विलभपाई ७९०७६।- को मात्र विल भपाई पेश भएकोले वढी भुक्तानी रकम रु.६७४५।- असुल गर्नुपर्ने रु. | ६७४५/- |
| १०५. | **न्यानो झोला:- (१२९/२०७६।३।१)**कार्यालयले न्यानो झोला खरिद गरेको भनी लिलामणी दाहाललाई रु.७९७७५।- भुक्तानी गरेकोमा रु. ६४८००।- को मात्र विल भपाई पेश भएकोले विल भपाई नपुग रकम रु.१४९७५।- असुल गर्नुपर्ने रु. | १४९७५/- |
| १०६. | **पेश्की रकम:-** आ.व.को अन्त्यसम्ममा वाकि रहेको निम्नानुसारको पेश्की वाकि रकम असुल फछ्र्यौट गर्नुपर्ने रु. | १२३२०००/- |

| सि.नं. | पर्टिको नाम | रकम | शिर्षक |
|---|---|---|---|
| १ | अमर निर्माण सेवा | ८३२०००.०० | ससर्त पुजिगत |
| २ | ओम विराट निर्माण सेवा | ४०००००.०० | ससर्त पुजिगत |
| | **जम्मा** | **१२३२०००.००** | |

| | | |
|---|---|---|
| | **सडक बोर्डः** | |
| १०७. | कार्यालयले महालक्ष्मी सद्भाव मार्ग निर्माणको लागि आर वन कन्स्ट्रक्सन संग रु.६४४५५६।- मु.अ.कर सहितमा सम्झौता भएकोमा र रु.५४६५६४।५५ मा कार्य सम्पन्न भएको देखियो । सम्झौता अंकको तुलनामा करिव १५ प्रतिशत घटि रकममा सम्पन्न भएको कार्यसम्पन्न प्रतिवेदन तयार भएको देखिएको छ । नियमानुसार भेरियसन आदेश स्वीकृत गरेको देखिएन । | ९७९१४५/- |
| १०८. | **धरौटी फिर्ता:** सरकारी लेखा निर्देशिका २०७३ को परिच्छेद १२ को १२.५ (ङ) (आ) मा धरौटी रकम फिर्ता गर्दा उक्त भुक्तानी वापत लाग्ने कर तथा मूल्य अभिबृद्धि कर दाखिला भएको भनी कर कार्यालयको कर समायोजन पत्र पेश हुनु पर्ने व्यवस्था छ । कार्यालयवाट भुक्तानीमा कट्टा भएको धरौटी फिर्ता गर्दा मूल्य अभिबृद्धि कर दाखिला भएको भनी कर कार्यालयको कर समायोजन पत्र पेश गरेको देखिएन । मूल्य अभिबृद्धि कर दाखिला भएको भनी कर कार्यालयको कर समायोजन पत्र पेश भए पछि मात्र धरौटी फिर्ता गर्नु पर्ने देखियो । | |
| | **फिल्ड निरीक्षण गरेको केही योजनाहरु** | |

| | | |
|---|---|---|
| |  | |
| | नमूना विद्यालय अनुदान अन्तर्गत शुकुना मा.वि भवन निर्माणसम्पन्न भएको अवस्था | |
| |  | |
| | शौचालय महाअभियान अन्तर्गत सलकपुर स्थित आय सहितको शौचालय र लाईब्रेरी भवन | |




**शौचालय महा अभियान अन्तर्गत ईन्द्रपुर स्थित निर्माणाधिन आय सहितको लाईब्रेरी सहित सार्बजनिक शौचालय**

**आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(२) अनुसार स्थानीय तहले आफ्नो आय तथा व्ययको आन्तरिक लेखापरीक्षण गराई उपदफा ३ बमोजिम आन्तरिक लेखापरीक्षणबाट औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखा हुनु भन्दा अगावै सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ । कानूनले तोकेको समयमा आन्तरिक लेखापरीक्षण सम्पन्न गरी अन्तिम लेखापरीक्षण प्रारम्भ हुनु अगावै प्रतिवेदन कार्यान्वयन गर्नु पर्नेमा नगरेकोले अन्तरिक लेखापरीक्षणले उल्लेख गरेको वेरुजु समेत असुल फछ्यौट हुनु पर्दछ ।

**बेरुजू** - गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने रु.२९ लाख ७६ हजार, नियमित गर्नुपर्ने रु १ करोड ५९ लाख ६४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ३ करोड ३० लाख ३७ हजार र पेश्की रु.३१ लाख ८६ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट रु. २ लाख ७० हजार फछ्र्योट भइ रु ५ करोड ४८ लाख ९३ हजार बेरुजू कायम भएको छ ।

**अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :

| गत वर्षको बेरुजू रकम (रु.) | यो वर्ष फछ्र्यौट (रु) | बाँकी |
|---|---|---|
| १,०७,८७,०००।०० | ० | १,०७,८७,०००।०० |

**अद्यावधिक बेरुजू स्थिति :** नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) | यो वर्षको सं प.बाट कायम बेरुजू रु. | यो वर्षको कायम बेरुजू रु. | बाँकी |
|---|---|---|---|
| १०७८७०००.०० | ०.०० | ५४८९२८९६.०० | ६५६७९८९६.०० |

अनुसूची- १

# सञ्चित कोष विवरण

## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | सुन्दरहरैचा न.पा. | मोरङ्ग | ४३५८३ | १९८७७३ | ६६७५५९ | २४६९७६ | १११३३०८ | ३८४१५५ | १६१८१३ | ३७६६५७ | ९२२६२५ | २३४२६६ |

अनुसूची- २

# सुन्दरहरैचा नगरपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७५।७६

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | मोरङ्ग | सुन्दरहरैचा न.पा. | ६० | ७४ | ५५१६३ | ० | १ | २७० | ६० | ७३ | ५४८९३ | २७०६ | १५९६४ | ३३०३७ | ० | ० | ४९००१ | ९५ | ३०९१ | ३१८६ |

अनुसूची- ३

# अद्यावधिक बेरुजु स्थिति

## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत वर्ष सम्मको बाँकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्षको सं प.बाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १ | सुन्दरहरैचा न.पा. | मोरङ्ग | १०७८७ | ० | १०७८७ | ० | ५४८९३ | ६५६८० |